## बराहक्षेत्र नगरपालिका

# सहकारी पार्श्वचित्र २०८२

बराहक्षेत्र, सुनसरी

## बराहक्षेत्र नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बराहक्षेत्र, सुनसरी

**संरक्षक**

नगर प्रमुख : श्री रमेश कार्की
नगर उप-प्रमुख : श्री नन्द कुमारी सुनुवार

**सल्लाहकार**

प्रमुख प्रशासकीय अधिकृत : श्री गणेश बहादुर कटुवाल
लेखा अधिकृत : श्री वीरेन्द्र यादव

**संकलन तथा सम्पादन**

अधिकृत आठौं : श्री मात्रिका तिवारी

पहिलो संस्करण : २०७६

दोस्रो संस्करण प्रकाशन मिति : १२ आषाढ २०८२

प्रति : ३००

---

कम्प्यूटर ले-आउट : तुलसी डेस्कटप, विराटनगर, मो. ९८६३७५७५५८३
मुद्रक : यू.एस.बी. बराह प्रिन्टिङ्ग, मुनालचोक, चक्रघट्टी, सुनसरी
सम्पर्क नं. : ९७०६६८२४२४

# शुभकामना मन्तव्य



बराहक्षेत्र नगरपालिकामा संचालनमा रहेका सहकारी संस्थाहरुको गतिविधि तथा सहकारी सम्वन्धी जानकारी मूलक विषय वस्तु समेटेर (बराहक्षेत्र नगरपालिका पार्श्वचित्र २०८२) प्रकाशन हुन लागेकोमा अत्यन्तै हर्शित छु। राज्यको आर्थिक मेरुदण्डको महत्वपूर्ण हिस्सेदारहरु सरकारी, निजि, सहकारी मध्ये सहकारी क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दै शहरदेखि दुरदराज गाउँमा समेत पूँजी एकृकित गरी सानो तिनो गर्जो टार्न देखि कृषि व्यवसाय उद्योग अन्य विविध आर्थिक गतिविधिमा सहभागी भई राष्ट्रिय स्तरमा नै रोजगारी सृर्जना गरी लाखौं बेरोजगार युवालाई रोजगारी प्रदान गर्नुका साथै उद्यमशिल बनाएको कुरा सवैमा सर्वविदितै छ। सकारात्मक पक्ष सगैं आउने यस सहकारी क्षेत्रका केहि नकारात्मक पक्षलाई नियन्त्रण गर्न सके संघीय सरकारको आर्थिक नीतिमा सहकारी जसरी महत्वपूर्ण हिस्सेदार छ। त्यसै गरी स्थानीय सरकारको समेत महत्वपूर्ण हिस्सेदार वनि सहकारीले  आर्थिक गतिविधि र रोजगारी सृर्जनामा महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरामा म विश्वस्त छु।

सहकारीका अबको गन्तव्य व्यवहारिक र उध्यमशिल सहकारी वा सदृश्यहरू बनाउने उत्पादनसँगै प्रशोधन तथा बजार निर्माणमा समेत एकिकृत काम गर्न सक्ने गरी दक्ष बन्ने बनाउने तथा बजारको माग अनुसारको उत्पादनमा आधुनीक प्रविधिको प्रयोग रोजगारीको नयाँ अवसरहरूको सहजता जस्ता क्षेत्रमा तिनै तहका सरकार सँग साझेदारीमा काम गर्न सक्ने वातावरणलाई अझ बृद्धि गर्दै लैजानु र्पछ। जसबाट देशको आर्थिक उन्नतीमा हरेक परिवारका सदस्यहरूको सामुहिक सहभागिताबाट समृद्ध नेपाल निर्माणमा तथा समाजवाद निर्माणको आर्थिक क्षेत्रमा महत्वपुर्ण योगदान समेत हुनेछ।

अझ सुनसरी जिल्लाकै सवैभन्दा बढी क्षेत्रफल ओगटेको कृषि र पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस नगरपालिकामा संचालन हुदै आएका प्रदेश र स्थानीय तह मातहतका सहकारीहरुसँग हातेमालो गरी अगाडी बढ्न सके समग्र नगरवासीहरुको हित हुने मेरो ठम्याईछ।

अन्त्यमा यस पार्श्वचित्रले बराहक्षेत्र नगरपालिमामा रहेका सहकारीहरुको आर्थिक अवस्था समग्र व्यवस्थापन पक्ष, संचालक तथा सदस्य विचको समन्वय साथै यस क्षेत्रका सहकारी कर्मीहरुलाई संस्थाको सुदृढिकरण गर्नका लागि सदस्यहरुको हितमा काम गर्न कोशेढुङ्गा सावित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु। साथै यो पुस्तक प्रकाशनमा अहोरात्र खटिने कर्मचारी, सूचना उपलब्ध गराउने सहकारीकर्मीहरु र राय सल्लाह दिने नगरवासी, समाजसेवी सम्पूर्णमा धन्यवाद दिन चाहान्छु।

**रमेश कार्की**
नगर प्रमुख

# शुभकामना मन्तव्य



बराहक्षेत्र नगरपालिका सहकारी पार्श्वचित्र, २०८२ प्रकाशन हुन लागेकोमा अत्यन्तै खुशी लागेको छ। यसले बराहक्षेत्र नगरपालिका भित्रका मात्र नभई समग्रह देशभरीका सहकारीकर्मीहरुलाई यस नगरपालिकाको सहकारी गतिविधि वारे जानकारी भई सहकारी अभियान अझ सशक्त ढंगबाट अगाडी वढाउन सहयोग पुग्ने विश्वास लिएको छु। यस पार्श्वचित्रबाट नगरपालिकामा सहकारी क्षेत्रबाट कृषि, उद्योग, व्यवसाय जस्ता आर्थिक गतिविधिको क्षेत्रमा पुऱ्याएको योगदान, सहकारी संस्थाहरुको अवस्था, र सहकारीकर्मीलाई लाभ पुऱ्याउने कुरामा विश्वास लागेको छ। यस पुस्तकको माध्यमबाट बराहक्षेत्रमा सहकारी सदस्यहरुको काम, कर्तव्य र अधिकार सम्वन्धमा मार्गदर्शनको रुपमा सावित हुने अपेक्षा गरेको छु।

राज्यका मुख्य तीन आर्थिक मेरुदण्ड सरकारी, निजी र सहकारी मध्ये सहकारी क्षेत्रले पछिल्लो समयमा आर्थिक समृद्धिको लागि सशक्त भूमिका खेल्दै देशका लाखौं युवाहरुलाई रोजगारी दिनुका साथै विविध आर्थिक गतिविधिमा योगदान पुऱ्याएको कुरामा दुईमत नहोला। यो पुस्तक प्रकाशन सुनिश्चित गरिनु समग्र बराहक्षेत्रवासीको गौरवको विषयको रुपमा स्वीकार गरेको छु। बराहक्षेत्र नगरपालिकाको आर्थिक विकाशमा नगरपालिका भित्रका विभिन्न प्रकारका सहकारीहरुले आ-आफ्नो क्षेत्रबाट नगरपालिका संग हातेमालो गर्दै अगाडी वढेमा यस क्षेत्रको बेरोजगारी समस्या न्यूनीकरणमा सहयोग पुग्नेमा विश्वस्त छु।

अन्त्यमा, कार्यालयबाट प्रकाशित यस पुस्तिकाले सहकारी अनुगमन र नियमन सम्वन्धि कार्यमा, सहकारी क्षेत्रको योजना तर्जुमा तथा अन्य व्यवस्थापकीय कार्यमा तथा यस नगरपालिका भित्रका सहकारी सम्वन्धि जानकारी लिन चाहने सरोकारवालाहरुको चासोमा खुराक प्रदान गर्ने अपेक्षा लिएको छु। यो पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउने कर्मचारीहरु, सहकारीकर्मीहरु, राय सुझाव र सल्लाह दिनुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै समस्त पाठक वृन्दहरुलाई सहकारी अभियानमा लाग्दै संस्था सुदृढिकरणमा सहयोग पुऱ्याओस भन्ने शुभकामना व्यक्त गर्दछु।



**नन्द कुमारी सुनुवार**
उप-प्रमुख

# प्रकाशकीय



स्वावलम्वन र पारस्परिकताको माध्यामबाट आफ्ना सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्ने उदेश्य राखी संचानल गरिने सहकारी संस्थाहरुको जानकारी सहित यस बराहक्षेत्र नगरपालिकामा रहेका सहकारी संस्थाहरुको वारेमा जानकारी गराउने उदेश्यले तयार गरिएको "बराहक्षेत्र नगरपालिका सहकारी पार्श्वचित्र २०८२" नामक पुस्तिका प्रकाशन गर्न पाउदा अत्यन्तै खुशी लागेको छ ।

समुदायमा  छरिएर हरेका स्थानीय श्रोत, साधन र पुँजीलाई एकत्रित गरी व्यवस्थापन गर्ने कार्यकुशलता वा क्षमता अभिवृद्धि गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने सवल संस्थागत माध्यम नै सहकारी हो । प्राचिन सहकारीको शुरुवात पूर्विय दर्शनबाट भएको हो । अैंचोपैंचो, अर्मपर्म, मर्दाको मलामी ज्यूँदाको जन्ती जस्ता कुराहरु सहकारी कै प्राचिन रुप हुन । हामी सवैका लागि एक र एकका लागि हामी सबै भन्ने उद्देश्यका साथ समान आवश्यकता र क्षमता भएकाहरुले समान हितका लागि सहकार्य गर्ने संगठन नै सहकारी हो ।

बराहक्षेत्र नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुको नियमन सम्बन्धी यस कार्यलायबाट हुँदै आइरहेको छ । साविक डिभिजन सहकारी कार्यालयहरुबाट हस्तान्तरण भइ आएका र नगरपालिकाले दर्ता गरेका सहकारी संस्थाहरुको संचालनको अवस्था तथा व्यवसायिक कारोबारका आधारभूत तथ्यांकहरुको संकलन र व्यवस्थापनबाट मात्र प्रभावकारी रुपमा नियमन कार्यलाई अगाडि बढाउन सकिने अवस्थालाई मध्यनजर गरी नगरपालिकाले यो पुस्तिका तयार गरेको हो ।

यस पुस्तिकामा सहकारी संस्थाहरुको समष्टिगत विवरण,  वित्तिय विवरण, बराहक्षेत्र नगरपालिकाको सहकारी ऐन, २०७४, बराहक्षेत्र नगरपालिकाको सहकारी नियमावली, २०७८, ऐन नियमसँग सम्वन्धित अनुसूचिहरुले यस बराहक्षेत्र नगरपालिकाका सहकारी संस्थाहरु, संस्थाका संचालक, सहकारीका सदस्यहरु, नियामक संस्था, पदाधिकारीहरु, सहकारी संस्थामा सदस्य बन्न इच्छुक एवं पाठक वर्गलाई समेत लाभदायी हुने कुरामा विश्वास लिइएको छु । पुस्तिका छपाइमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सवैमा धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दै पुस्तक छपाइमा भएका कमी कमजोरी औंल्याई आगामी दिनमा सुधारको लागि सुझाव दिनुहुन सवैमा हार्दिक अनुरोध गर्दछु ।



**गणेश बहादुर कटुवाल**
प्रमुख प्रशासकिय अधिकृत

# विषय-सूची


बराहक्षेत्र नगरपालिकाको संक्षिप्त परिचय १

१. संक्षिप्त परिचय १

२. बराहक्षेत्र नगरपालिकाको विद्यमान चिनारी १

२.१ भौगोलिक अवस्थिति १

२.२ वडागत क्षेत्रफल २

२.३ ऐतिहासिक चिनारी तथा नामाकरण २

२.४ राजनीतिक अवस्थिति २

२.५ धरातलीय अवस्था : ३

२.६ प्राकृतिक सम्पदा ५

२.७ साँस्कृतिक उत्कृष्टता ५

२.८ विकासका संभावनाहरु ५

३. बराहक्षेत्र नगरपालिकाको जनसंख्या ६

४. सहकारीको परिचय अर्थ मूल्य मान्यता र सिद्धान्त ८

५. नेपालमा सहकारी अभियानको वर्तमान अवस्था १२

६. कोशी प्रदेशमा सहकारी अभियानको वर्तमान अवस्था १४

६.१ कोशी प्रदेशको सम्क्षिप्त परिचय १४

६.२ बराहक्षेत्र नगरपालिकामा सहकारी अभियानको वर्तमान अवस्था १६

६.३ बराहक्षेत्र नगरपालिकामा दर्ता गरिएका सहकारी संस्थाहरुको विवरण २३

६.४ मिति २०७८।०७।०८ को निर्णय अनुसार दर्ता खारेज गरिएका सहकारी संस्थाहरुको विवरण २४

६.५ मिति २०८०।०२।१८ को निर्णय अनुसार दर्ता खारेज गरिएका सहकारी संस्थाहरुको विवरण २४

६.६ बराहक्षेत्र नगरपालिकामा भएका सहकारी संस्थाहरुको वडागत विवरण २४

६.७ बराहक्षेत्र न.पा. का प्रदेशबाट नियमन हुने सहकारी संस्थाहरु २६

६.८ प्रदेशबाट नियमन हुने बराहक्षेत्र नगरपालिकामा सेवाकेन्द्र भएका सहकारी संस्थाहरु २७

६.९ बराहक्षेत्र नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको समष्टिगत विवरण २८

६.१० सहकारी संस्था दर्ता गर्न आवश्यक पर्ने कागजातहरु : ३३

७. बराहक्षेत्र नगरपालिकाको सहकारी ऐन, २०७४ ४०

८. बराहक्षेत्र नगरपालिकाको सहकारी नियमावली, २०७८ ७३

# बराहक्षेत्र नगरपालिकाको संक्षिप्त परिचय

## १. संक्षिप्त परिचय

सुनसरी जिल्लाको उत्तर पश्चिममा अवस्थित बराहक्षेत्र नगरपालिका साविकका वराहक्षेत्र, भरौल, महेन्द्रनगर, प्रकाशपुर र मधुवन गाऊँ विकास समितिलाई समायोजन गरी गठन गरिएको छ। यो नगरपालिका आर्थिक सामाजिक, सांस्कृतिक, शैक्षिक हिसावले विकसित नगरपालिकाको रुपमा चिनिन्छ। साविकको ५ वटा गाविसहरुलाई समायोजन तथा विभाजन गरी जम्मा हालको ११ वटा वडा मार्फत नागरिकहरुलाई सेवा सुविधा प्रदान गरिएको छ। जनसंख्या र क्षेत्रफलमा यो नगरपालिका सुनसरी जिल्लाको सवै भन्दा ठूलो नगरपालिका हो। पुरातात्विक महत्वको कोकाहा, कौशिकी संगममा अवस्थित ऐतिहासिक वराहक्षेत्र मन्दिर यसै नगरपालिका भित्र पर्दछ। कुम्भ नगरी प्रचिन हरिद्वार चतराधाम, सूर्यकुण्ड, श्रीलंका टप्पु, अमाह पोखरी, टेकानेपोखरी, औलिया बाबा मठ, कोशी टप्पु आरक्षको केहि क्षेत्र यसै नगरपालिकामा पर्दछ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुरुप जनताको सवै भन्दा नजिकको सरकारको रुपमा गाउँपालिका अथवा नगरपालिकाको व्यवस्था गरेको छ। जस अनुसार स्वायत्तताको उच्चत्तम अभ्यास तथा विकेन्द्रीकरणको माध्यमद्धारा स्थानीय शासनमा सहभागिता, जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारीता संगै विकास प्रक्रियालाई द्रुत तुल्याई जनअपेक्षाको सम्वोधन गर्ने ऐतिहासीक जिमेवारी स्थानीय सरकारको काधमा आएको छ। सहकारीता, समन्वय र सहअस्तित्वका आधारमा संचालन हुने स्थानीय शासन प्रक्रियामा जनसहभागिता र साझेदारीको मर्मलाई समेत उच्च महत्व दिइएको छ। स्थानीय जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी वनाई स्थानीय तहको सुदृढीकरण गर्न नीतिगत तथा व्यवहारीक अभ्यासहरु अगाडी वढी रहेका छन्।

## २. बराहक्षेत्र नगरपालिकाको विद्यमान चिनारी :

बराहक्षेत्र नगरपालिका सुनसरी जिल्लामा अवस्थित कोशी प्रदेश अन्तरगतको एक मिश्रीत विशेषता बोकेको नगरपालिका हो। साविकका भरौल, प्रकाशपुर, मधुवन, बराहक्षेत्र र महेन्द्रनगर गाविसहरु मिलेर बनेको यो नगरपालिका २२२.०९ वर्गकि.मी. क्षेत्रफलमा फैलिएको छ। यस परिच्छेदमा यस नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

### २.१ भौगोलिक अवस्थिति :

बराहक्षेत्र नगरपालिका २६ डिग्री ३७ मिनेट ४१ सेकेण्ड उत्तर देखि २६ डिग्री ५२ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांश र ८७ डिग्री ० मिनेट ५८ सेकेण्ड पूर्व देखि ८७ डिग्री १४ मिनेट ५ सेकेण्ड पुर्वदेशान्तरमा फैलिएको छ। नगरको तापक्रम अधिकतम ३८ डिग्री सेल्सियस पुग्छ भने न्यूनतम तापक्रम १० डिग्रीसम्म हुन्छ।

यस नगरपालिकाको कार्यालय चक्रघट्टी सुनसरी जिल्लाको जिल्ला सदरमुकाम इनरुवा देखि करीब २४ किमीको दुरीमा अवस्थित छ। यस नगरपालिकाको पूर्वमा रामधुनी नगरपालिका, पश्चिममा उदयपुर

जिल्ला, दक्षिणमा कोशी गाउँपालिका र भोक्राहा गाउँपालिका र उत्तरमा धरान उप महा नगरपालिकासँग सिमाना जोडिएको छ। यस नगरपालिकाको कूल क्षेत्रफल २२२.१ वर्ग किमी रहेको छ। यसले जिल्लाको कूल क्षेत्रफलको १९.५३ प्रतिशत भूभाग ओगटेको छ। वडा अनुसार नगरपालिकाको क्षेत्रफल निम्न अनुसार रहेको छ।

## २.२ वडागत क्षेत्रफल :

| वार्ड नं. | समावेश गा.वि.स./नगरपालिका | क्षेत्रफल (वर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | बराहक्षेत्र (१, ५, ७, ९) | ३४.२ | १५.४ |
| २ | बराहक्षेत्र (२, ४, ६) | १५.९ | ७.२ |
| ३ | भरौल (३) | २०.० | ९.९ |
| ४ | भरौल (२, ६, ९) | १४.० | ६.३ |
| ५ | भरौल (१, ४, ५) | १.९ | ०.९ |
| ६ | महेन्द्रनगर (१, २, ५, ६) | ३०.५ | १३.७ |
| ७ | महेन्द्रनगर (४) | ९.६ | ४.३ |
| ८ | महेन्द्रनगर (३, ७, ९) | २५.८ | ११.६ |
| ९ | प्रकाशपुर (२, ५, ९) | ३०.६ | १३.८ |
| १० | प्रकाशपुर (१, ६, ८) | १४.७ | ६.६ |
| ११ | मधुवन (१, ९) | १०.८ | ४.९ |
| **जम्मा** | | २२२.१ | १००.० |

*श्रोतः स्थानीय तह पुनसंरचना आयोग प्रतिवेदन, २०७४*

## २.३ ऐतिहासिक चिनारी तथा नामाकरण :

साविकका भरौल, प्रकाशपुर, मधुवन, बराहक्षेत्र र महेन्द्रनगर गाविस मिलाएर वि.संस्था २०७३ मा बराह नगरपालिकाको गठन गरिएको हो। राज्य पुर्नसंरचना अनुसार गठन भएको बराह नगरपालिका नेपालको ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण नगरपालिका हो। नवगठीत सरकारको मन्त्री परिषद्को २०७४/११/२४ गतेको निर्णय अनुसार बराह नगरपालिकाको नाम संसोधन गरी बराहक्षेत्र नगरपालिका नामाकरण भएको हो। धनकुटा र सुनसरीको सिमानाको रुपमा रहेको कोकाहा खोला र सप्तकोशीको संगम स्थलमा अवस्थित नेपालको प्रसिद्ध तीर्थस्थल बराहक्षेत्रको नामबाट यस नगरपालिकाको नाम बराहक्षेत्र नगरपालिका राखिएको हो। बराहक्षेत्र हाल नगरपालिकाको वडा नं. १ मा पर्दछ।

## २.४ राजनीतिक अवस्थिति

बराहक्षेत्र नगरपालिका संघीय गणतन्त्र नेपालको कोशी प्रदेश अन्तरगत सुनसरी जिल्लामा अवस्थित रहेको छ। साविकका ४ गाविसहरु समावेश गरी बनेको यस नगरपालिकामा ११ वडाहरु रहेका छन्। सुनसरी जिल्लामा विद्यमान रहेका २ उप महानगरपालिका, ४ नगरपालिका र ६ गाउँपालिका गरि १२ स्थानीय

तह मध्ये बराहक्षेत्र नगरपालिका एक हो । नगरपालिकाको केन्द्र साविक महेन्द्रनगर गाविसको कार्यालय चक्रघट्टीमा रहेको छ। पूर्ववत रुपमा नेपालको कोशी प्रदेशमा पर्ने कोशी अञ्चलको सुनसरी जिल्लामा रहेको यो नगरपालिका संघीय प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र नं १ र ४ मा बाँडिएको छ। त्यसैगरी प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं. १ (ख) र ४ (क) अन्तर्गत पर्दछ। (निर्वाचन आयोग २०७४)




## २.५ धरातलीय अवस्था :

तराईको जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले अधिकांश क्षेत्र समथर भूभागले ओगटेको छ। यस नगरपालिकामा वसोवास योग्य क्षेत्र सहितको उर्वर खेतीयोग्य जमिन रहेको छ। सामान्यतयाः यस क्षेत्रमा बलौटे किसिमको माटो रहेको देखिन्छ। भू उपभोगको विवरण तलको तालिका अनुसार रहेको छ।

## ➢ भू उपयोगको आधारमा क्षेत्रफल

| भुमिको प्रकार | क्षेत्रफल (वर्ग कि.मि. मा) | प्रतिशत |
|---|---|---|
| खाली जमिन | १.६६ | ०.७ |
| वस्ती भएको क्षेत्र | ०.०५ | ०.० |
| खेतीयोग जमिन | १०२.३५ | ४६.१ |
| भिरालो क्षेत्र | ०.६० | ०.३ |
| जंगल | ६५.६८ | २९.७ |
| भाडि वन | १.०८ | ०.५ |
| घासे भुमी | २२.८६ | १०.३ |
| बगैंचा | ०.१८ | ०.१ |
| नदी खोला | ९.७९ | ४.४ |
| पोखरी ताल | ०.१३ | ०.१ |
| बगर | १७.५२ | ७.९ |
| **जम्मा** | २२२.१ | १००.०० |

*श्रोत : LRMP १९९६, नापी विभाग*

**नगरपालिकाको भू उपयोग स्थिति**



## २.६ प्राकृतिक सम्पदा

यस नगरपालिकाको कूल क्षेत्रको करीब ४६.१ प्रतिशत खेति योग्य जमिन, २९.७ प्रतिशत वनक्षेत्रल र १० प्रतिशतमा घाँसे भुमि रहेको छ। सिंचाइको मुख्य श्रोतको रुपमा रहेको चतरा नहर र सुनसरी खोलाबाट यस क्षेत्रको करीब ३४०० हेक्टर जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ। साईबेरियन चराको हिँउदे बासस्थान र लोपोन्मूख वन्यजन्तु अर्नाको बासस्थानको रुपमा विश्व प्रसिद्ध कोशी टप्पु बन्य जन्तु आरक्षण केन्द्र यसै नगरपालिकामा पर्दछ।

## २.७ साँस्कृतिक उत्कृष्टता

विभिन्न जात जातीको मिश्रीत बसोवास रहेको यस नगरपालिकामा मुख्य बोलिचालीको भाषा नेपाली रहेको छ। धार्मिक रुपमा हिन्दू धर्मालम्बीहरुको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरुमा कृष्णाष्टमी, तिज, जनैपुर्णिमा, दशै, तिहार, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), चैते दशैं आदि रहेका छन्। धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा दौरा सुरुवाल, टोपी, धोति, पेन्ट, कुर्ता तथा कोट र महिलाले गुन्यु चोली, सारी, पेन्ट, कुर्तासुरवाल र पटुकी लगाउने गर्दछन्। यस नगरपालिकाको वडा नं १ मा रहेका बराह मन्दिर यहाँको महत्वपूर्ण सांस्कृतिक सम्पदा हो। हिन्दू धर्मावलम्बीहरुको लागि प्रसिद्ध तीर्थस्थल मानिएको बराहक्षेत्र र चतरा धाम यस नगरपालिकाको महत्वपूर्ण धार्मिक सम्पदा हुन।

## २.८ विकासका संभावनाहरु

बराहक्षेत्र नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस नगरपालिकामा विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ। नगर विकासका संम्भावनाहरुलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका : धार्मिक, पर्यटकीय स्थलहरु*

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | स्थलको महत्व | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या | कैफित |
|---|---|---|---|---|---|
| १ | बराहक्षेत्र धाम | वडा नं. १ | धार्मिक पर्यटन | ३०० देखि ४०० जना | |
| २. | प्राचिन हरिद्धार | वडा नं. १ | ,, | | |
| ३. | छिन्नमस्ता मन्दिर | वडा नं. १ | ,, | | |
| ४ | औलिया बाबा मन्दिर | वडा नं. १ | धार्मिक पर्यटन | ३० देखि ४० जना | |
| ५. | बेलाहा मन्दिर | वडा नं. ३ | ,, | | |
| ६. | टेकाने पोखरी | वडा नं. ३ | भ्रमणका लागि | २० देखि २५ जना | |

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | स्थलको महत्व | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या | कैफित |
|---|---|---|---|---|---|
| ७. | अमाहा पोखरी | वडा नं. ५ | भ्रमणका लागि | २० देखि २५ जना | |
| ८. | गिद्ध रेष्टुरेन्ट (संरक्षण) | वडा नं. ८ | अवलोकनको लागि | | |
| ९. | कोशी टप्पु बन्यजन्तु आरक्ष | वडा नं. ९ र ११ | अर्ना, विभिन्न जातीका चरा (चखेवा, गिद्ध, सारस) अजिंगर, डल्फिन, नीलगाई, चित्तल, मलाहा विरालो लगायतका विविध वन्यजन्तु र सप्तकोशी नदी अवलोकनका लागि | ३० देखि ४० जना | |
| १०. | रामधुनी मन्दिर | | सीमावर्ती धार्मिक पर्यटकीय क्षेत्र | १० देखि ३० जना | रामधुनी न.पा. मा पर्ने |
| ११ | पिण्डेश्वर, विष्णुपादुका, दन्तकाली, बुढासुब्बा, पञ्चकन्या लगायतका मन्दिरहरु | | सीमावर्ती धार्मिक पर्यटकीय क्षेत्र | | धरान उपमहानगरमा पर्ने |
| १२ | पवित्रेश्वर हिमगंगा माता | | | | |
| १३. | सूर्यकुण्ड | १ नं. | ऐतिहासिक तथा पुरातात्विक | | |
| १४ | सकेला पार्क | वडा न. ७ | | | |

## ३. बराहक्षेत्र नगरपालिकाको जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार बराहक्षेत्र नगरपालिकाको कुल जनसंख्या ९०,०८७ जना रहेको छ। पुरुषको जनसंख्या ४७.२ प्रतिशत र महिलाको जनसंख्या ५२.८ प्रतिशत रहेको छ। बराहक्षेत्र नगरपालिकाको कुल घर परिवार संख्या २१,८२७ रहेको छ। जनघनत्व ४१० जना प्रति बर्ग कि.मि. रहेको छ। लैङ्गिक अनुपात ८९.४१ रहेको छ। साक्षरतादर ७७.९ प्रतिशत रहेको छ जसमा पुरुषको साक्षरता दर ८५.१ प्रतिशत र महिलाको ७१.६ प्रतिशत रहेको छ। अपाङ्गता भएको जनसंख्या २ प्रतिशत छ।

## *वडा अनुसार जनसंख्या विवरण*




## *५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या*



*लिङ्ग र उमेर समूहअनुसार परिवारमूलीको संख्या*




| वडा नम्बर | घरधुरी | | | जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष घरमुली | महिला घरमुली | जम्मा | पुरुष | महिला | अन्य | उल्लेख नभएको | जम्मा |
| १ | ९९९ | २१० | १२०९ | २६४६ | २५१७ | ० | २० | ५१८३ |
| २ | १०३३ | २३६ | १२६९ | ३०७० | २९५१ | २ | १३ | ६०३६ |
| ३ | १६०५ | ३९५ | २००० | ५०२५ | ४९४३ | १ | ९ | ९९७८ |
| ४ | ७६३ | २५६ | १०१९ | २४६९ | २१८० | ० | ६ | ४६५५ |
| ५ | १६१२ | २३१ | १८४३ | ३७२७ | ३६१७ | ० | ५ | ७३४९ |
| ६ | ११२४ | २४४ | १३६८ | २९७४ | २८४४ | ० | ३८ | ५८५६ |
| ७ | १८३० | ४९७ | २३२७ | ५६५५ | ५४२५ | २ | ४४ | १११२६ |
| ८ | १६९९ | २८९ | १९८८ | ४६८४ | ४४८० | ० | ८ | ९१७२ |
| ९ | ८७७ | १७५ | १०५२ | २५७७ | २४४५ | ० | १७ | ५०३९ |
| १० | २०४७ | १९७ | २२४४ | ३८८७ | ३५७४ | ० | २९ | ७४९० |
| ११ | १८२९ | २१० | २०३९ | ४५०१ | ४०२४ | ० | २३ | ८५४८ |
| **जम्मा** | **१५४१८** | **२९४०** | **१८३५८** | **४१२१५** | **३९०००** | **५** | **२१२** | **८०४३२** |

स्रोतः घरधुरी सर्भेक्षण २०७५

## ४. सहकारीको परिचय अर्थ मूल्य मान्यता र सिद्धान्त

बोलीचालीमा सहकारीता भन्नाले मिलिजुली सम्झिन्छ । बसाइँ, काम र चिन्तनको मिलीजुली नै सहकारिता हो सहकार्य भन्नाले आपसमा मिलेर गरिने कामलाई जनाउदछ ।'एकका लागि सवै र सवैका लागि एक' भन्ने सिद्धान्तबाट प्रेरित भइ व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक हित तथा सामाजिक समुन्नतिको लागि गरिने एकतावद्ध प्रयास नै सहकारी हो । समाजशास्त्रिको नजरमा सहकारीता सामाजिक उत्पिडनबाट मुक्ति प्राप्त गर्ने साधन हो  भने प्राविधिक रुपमा यसलाई एउटा व्यवसायिक कौशलको रुपमा

लिइएको छ । सहकारीको माध्यमबाट आर्थिक असमानतालाई हटाई आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ । यस वारेमा विद्धानहरुले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । हेनरि काल्भर्टका अनुसार, 'सहकारी संगठनको त्यो रुप हो जसमा व्यक्तिहरु स्वेच्छाले आफ्ना हितको कुराहरु सुधारका लागि समानताको आधारमा एकसाथ मिलिजुली काम गर्दछन् ।' अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ) ले सहकारीको परिभाषा यसरी दिएको छ- सहकारी सामान्यतः सीमित साधन भएका व्यक्तिहरुको एक संगठन हो जो प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यावसायिक संगठनको माध्यमद्धारा आवश्यक पूँजी लगाएर र व्यबसायको जोखिम तथा लाभको उचित हिस्सा स्वीकार गरेर साझा आर्थिक साध्य प्राप्त गर्न भेला हुन्छन् । उपरोक्त अर्थ तथा परिभाषाको आधारमा समान इच्छा, आकांक्षा र अवस्था भएका व्यक्तिबाट आपसी सहयोग तथा लोकतान्त्रिक नियन्त्रण विधिद्धारा आर्थिक तथा सामाजिक उत्थानको निमित्त एकतावद्ध प्रयास नै सहकारी हो ।

सहकारीको इतिहास मानव सभ्यताको शुरुवातसँगै समूहमा बस्ने, सामूहिक रुपमा काम गर्ने र सुख दुःखमा एक अर्कालाई सहयोग गर्ने परिपाटीबाट सहकारीताको भावना प्रकट भएको पाईन्छ । सहकारी आन्दोलनको शुरुवात फ्रान्स, बेलायत, जर्मनी आदि देशबाट शुरु भएको पाईन्छ । सन् १४९८ मा बेलायतको एबर्दिनमा स्थापना भएको दि शोर पोर्टर्स सोसाइटी नामक संस्थालाई विश्वको पहिलो सहकारी संस्थाको रुपमा लिइएको पाईन्छ । सहकारीको विकाशसँगै बेलायतमा सन् १८३२ मा स्थापित लकहस्ट लेन इन्डष्ट्रियल कोअपरेटिभ सोसाइटी र १८३९ मा स्थापित ग्यालासिल्स एण्ड हावीक कोअपरेटिभ सोसाइटी हाल सम्म पनि संचालनमा छन् । यी दुवै सहकारीको नाम भने परिवर्तन भई हाल क्रमशः हर्ट अफ इंग्लेण्ड कोअपरेटिभ सोसाइटी र लोथिएन बोडर्स एण्ड आर्गस कोअपरेटिभ सोसाइटी रहेका छन् । रोबर्ट ओवेनलाई सहकारी आन्दोलनका पिता भनिन्छ उनी कपास व्यापारी थिए र उनले आफ्नो व्यापारमा संलग्न कर्मचारीहरु र तीनका बालबच्चाहरुलाई शिक्षा सहितको राम्रो वातावरण दिनुपर्ने विचार अघि सारे र त्यसै अनुरुप न्यू लनार्क स्कटल्याण्डको कटन मिलमा संसारकै पहिलो कोअपरेटिभ स्टोर खोले । पछि विलियम किङले पनि रोबर्ट ओवेनको विचारलाई निरन्तरता दिई सहकारीमा विभिन्न नियमहरु बसाले । सन् १८४४ मा बेलायतमा रोच्डाल इक्वाइटेबल पाइओनियरर्स सोसाइटी नामक सहकारी संस्था स्थापना भयो । यसले रोच्डाल प्रिन्सिपल निर्माण गरी सहकारी आन्दोलनलाई स्थापित गर्यो । त्यसै गरी जर्मनीमा जेफ्रेइसन बचत तथा ऋण सहकारी संस्था स्थापना गरी ग्रामिण जनतालाई शोषणबाट मुक्त गराए । उनलाई आजसम्म पनि विश्वभर बचत तथा ऋण सहकारी संस्थाका पिता भनिन्छ ।

नेपालमा सहकारी संस्थाको विकाश क्रमलाई हेर्ने हो भने वि.संस्था २०१० सालमा योजना विकाश तथा कृषि मन्त्रालय अर्न्तर्गत सहकारी विभाग गठन गरी सहकारीको संस्थागत विकाशको थालनी भएको पाईन्छ । तात्कालिन नेपाल सरकारले २०१३ सालमा 'सहकारी गठन, दर्ता र संचालन आदेश" जारी गरेको र सोही कानूनको आधारमा चितवन जिल्लामा नेपालकै पहिलो सहकारी संस्था बखान ऋ०ा सहकारी संस्था दर्ता भई संचालन भएको थियो । वि.संस्था २०१६ सालमा सहकारी ऐन २०१६ तर्जुमा भई भइ सहकारीको स्थापना र संचालन सम्बन्धी नियम तर्जुमा भएको थियो । तत्कालिन राजनैतिक अस्थिरताको कारण सोचे अनुरुप सहकारीको संस्थागत विकाश हुन सकेन । पछि २०४१ सालमा आएर सहकारी ऐन २०१६ खारेज

गरी साझा संस्था ऐन २०४१ जारी गरियो। जस अनुरुप कम्तिमा १५ जना सदस्य भएको औधोगिक साझा संस्था र कम्तिमा २५ जना सदस्य भएको अन्य साझा संस्था गठन गर्न सकिने नेपालमा सहकारी संस्थाको विकाश क्रमलाई हेर्ने हो भने वि.संस्था २०१० सालमा योजना विकाश तथा कृषि मन्त्रालय अर्न्तर्गत सहकारी विभाग गठन गरी सहकारीको संस्थागत विकाशको थालनी भएको पाईन्छ। तात्कालिन नेपाल सरकारले २०१३ सालमा 'सहकारी गठन, दर्ता र संचालन आदेश" जारी गरेको र सोही कानूनको आधारमा चितवन जिल्लामा नेपालकै पहिलो सहकारी संस्था बखान ऋण सहकारी संस्था दर्ता भई संचालन भएको थियो। वि.संस्था २०१६ सालमा सहकारी ऐन २०१६ तर्जुमा भई भइ सहकारीको स्थापना र संचालन सम्बन्धी नियम तर्जुमा भएको थियो। तत्कालिन राजनैतिक अस्थिरताको कारण सोचे अनुरुप सहकारीको संस्थागत विकाश हुन सकेन। पछि २०४१ सालमा आएर सहकारी ऐन २०१६ खारेज गरी साझा संस्था ऐन २०४१ जारी गरियो। जस अनुरुप कम्तिमा १५ जना सदस्य भएको औधोगिक साझा संस्था र कम्तिमा २५ जना सदस्य भएको अन्य साझा संस्था गठन गर्न सकिने व्यवस्था थियो भने ५ वटा संस्थाहरु सदस्य भएको जिल्ला साझा संघ र कम्तीमा १५ बटा जिल्ला साझा संघहरु सदस्य भएको राष्ट्रिय साझा संघ गठन गर्न सकिने प्रावधान थियो। साझा संस्था ऐन २०४१ लाई खारेज गरी सहकारी ऐन २०४८ जारी गरियो जुन ऐन तत्कालीन अवस्थामा सहकारीको संस्थागत विकास गर्न क्रियाशील रहयो। सहकारी नियमावली २०४९ को अनुशरण गर्दै देशभर सहकारी संस्थाहरु हजारौं खुले यसले समान उदेश्य राख्ने व्यक्तिहरुको बचत गर्ने बानिको विकास गरायो।

हाल सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७६ र बराहक्षेत्र नगरपालिकाको सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, प्रदेश सहकारी नियमावली २०७६ र बराहक्षेत्र नगरपालिकाको सहकारी नियमावली २०७८ जारी भएको छ। जस अनुसार परिवर्तित आर्थिक, सामाजिक परिवेश समेटी सहकारीतालाई परिमार्जन गरी सहकारीको सुद्ढृढिकरण गर्ने उदेश्य सहित देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्त माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रुपमा सकहारी संस्थाहरुको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गरी समायानुकूल बनाउन वाञ्छनीय भएकोले सहकारी ऐन २०७४ आएको छ। माथि उल्लेखित सहकारीको परिभाषा, अर्थ तथा उत्पत्ति समेतका आधारमा सहकारीता आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतीको एक सशक्त माध्यमका रुपमा स्वीकारिएको छ। नेपालमा पनि सोही अनुरुप व्यवस्थापन गर्न प्रभावकारी थालनी भएको छ।

**सहकारीको मूल्यहरु**

१. **आधार मुल्यहरु**

आधार मूल्यहरु मूलतः सहकारी संस्था र सदस्यहरु बीचको सम्बन्ध रचना गर्ने आन्तरिक प्रकृतिका देखिन्छन्।

क) स्वावलम्बन

ख स्वउत्तरदायित्व

ग) लोकतन्त्र

घ) समानता

ङ) समता

च) ऐक्यबद्धता

२. **नैतिक मूल्यहरु**

नैतिक मूल्यहरु विशेषतः सहकारी संगठन र समाजबीचको सम्बन्धसंग गासिएका देखिन्छन् ।

क) इमान

ख) खुलापन

ग) सामाजिक उत्तरदायित्व

घ) अर्काको ख्याल

**मान्यता**

मान्यताको अर्थ निर्दिष्ट आचरण हुन्छ । मान्यतालाई सहकारी जीवनको मानचित्रका रुपमा पनि लिन सकिन्छ । सहकारी मूल्यको जगेर्ना गर्ने क्रममा मान्यता स्थापित भएकाछन ।

सहकारीका पाँचवटा मान्यता रहेकाछन्।

१. नाफामा सहभागी नहुने

२. उपकारको भर नपर्ने

३. गैरसदस्यसँग व्यपार नगर्ने

४. गैरसदस्यलाई समेत सेवा दिने

५. सकारात्मक कार्य

**सहकारीका सिद्धान्तहरु**

- ऐच्छिक तथा खुल्ला सदस्यता
- सदस्यको लोकतान्त्रिक नियन्त्रण
- सदस्यको आर्थिक सहभागिता
- स्वयत्तता तथा स्वतन्त्रता
- शिक्षा, तालिम र सूचना
- सहकारी संस्थाहरु विच सहयोग
- समुदायप्रतिको सरोकार

**सहकारी व्यवसायका विशेषताहरु :**

- सदस्य नै मालिक हुने

- सदस्य उपभोक्ता र उत्पादक दुबै हुने
- सदस्यले संस्थामा अनिवार्य कारोवार गर्नुपर्ने
- पूँजीलाई भन्दा सदस्य परिचालनमा वढी जोड दिइने
- मुनाफा वितरणमा आर्थिक न्यायलाई अंगालिने
- गठन, संचालन र नियन्त्रण सदस्यहरुद्वारा नै हुने
- पूँजीमा सिमित व्याज दिइने
- समान आवश्यकता भएका व्यक्तिहरुबाट संचालन हुने
- निम्न आय भएका वर्गको हितगर्ने
- सदस्यलाई व्यवसायी बनाउने
- आत्म सहयोग र आत्म अनुशासनमा आधारित

## ५. नेपालमा सहकारी अभियानको वर्तमान अवस्था

नेपालमा सरकारी कार्यक्रमको रुपमा वि. संस्था २०१३ चैत्र २० गते शुरु भएको सहकारी अभियान २०४८ सालसम्म सरकार नियन्त्रित विशेष गरी सरकारी संस्थानहरुको वितरण माध्यम (डिनर)को रुपमा रहेको पाइन्छ भने वि. स. २०४९ जेठ २ गते सहकारी ऐन २०४८ जारी भएपिछ सदस्यको माग अनुसार सहकारी सिद्धान्तमा आधारित स्वयात्त सहकारी संस्था तथा संघहरु गठन भई संचालन हन थालेका हन । हालको अवस्थासम्म आइपुग्दा नेपालको सहकारी अभियानमा लगभग तीस हजार सहकारी संस्थाहरुमा ७३ लाख भन्दा बढी व्यक्तिहरु आवद्ध भएको, ६ खर्व भन्दा बढी पूँजी निर्माण र परिचालन भएको तथा लगभग एक लाख प्रत्यक्ष र दश लाख अप्रत्यक्ष रोजगारी सहकारी क्षेत्रबाट सृजना भएको अवस्था छ। नेपालको संविधानले सरकारी, निजी र सहकारी क्षेत्रलाई देशको आर्थिक विकासको माध्यमको रुपमा परिभाषित गरेको अवस्था र आर्थिक क्षेत्रमा सहकारी अभियानको आफ्नै पनि उल्लेख्य उपस्थितिबाट नेपालको आर्थिक तथा सामाजिक विकासमा सहकारी अभियानको विशेष स्थान रहेको कुरा आँकलन गर्न सकिन्छ। वर्तमान सहकारी ऐन २०७४ ले निर्दिष्ट गरे बमोजिमको व्यवसायिक कारोवार, सुशासन र पारदर्शिता, वित्तीय मापदण्डहरुको पालना एवं वित्तीय अनुशासन, सामजिक र सामुदायिक उत्तरदायित्व र सहकारीहरु बीचको समन्वय अथवा प्रभावकारी संघीकरण व्यवस्था हाल नेपालको दीगो सहकारी विकासका लागि अत्यावश्यक देखिएको छ । नेपालको सम्विधान २०७२ ले राज्य पुर्संरचना गरी तीन वटा तहको व्यवस्था गरेपछि एकात्मक रुपमा सहकारी विभाग र मतहतका ३८ वटा डिभिजन सहकारी कार्यलालयहरुबाट भइरहेको सहकारी नियमनको कार्य संघ, प्रदेश सरकार तथा स्थानीय तहमा विभाजन भयो। यो व्यवस्थापछि एक स्थानीय तहभरी कार्यक्षेत्र भएका सहकारी संस्थाहरु सम्बन्धित स्थानीय तहमा, एक स्थानीय तहभन्दा बढी एक प्रदेशसम्म कार्यक्षेत्र भएका सहकारी संघ संस्थाहरु सम्बन्धित प्रदेशमा र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संघ संस्थाहरु संघीय सरकारमा हस्तान्तरण भए। हालको अवस्थामा नेपालमा कूल २९,८८६ प्रारम्भिक सहकारी संस्थाहरु रहेकोमा संघीय सरकार अन्तर्गत १२५ वटा सहकारी संस्थाहरु, प्रदेश सरकार अन्तर्गत ६००३ सहकारी संस्थाहरु र स्थानीय तह अन्तगत २३७५८ सहकारी संस्थाहरु रहेका छन् । कूल सहकारी संस्थाको लगभग ८० प्रतिशत सहकारी

संस्थाहरु स्थानीय तहबाट नियमन हुने अवस्था रहेको तथा अव दर्ता हुने संस्थाहरु पनि कानूनतः स्थानीय तहमा नै धेरै दर्ता हुने अवस्था रहेको वर्तमान अवस्थामा स्थानीय तहमा प्रभावकारी नियमन संरचना तर्जुमा गरी सहकारी संथाको दर्ता, अनुगमन, अभिलेखन सम्बन्धि कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाएर लैजानुपर्ने आवश्यकता देखिएको छ।

**नेपालको सहकारी अभियानको वर्तमान अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ।**

| सि. नं. | प्रदेश | सहकारी संख्या | सदस्य संख्या | | | पछिल्लो आ.व.को वित्तिय विवरण | | | | प्रत्यक्ष रोजगारी | संस्थागत सदस्य जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | शेयर पूँजी | बचत संकलन | ऋण लगानी | जम्मा सम्पत्ति दायित्व | | |
| १ | प्रदेश १ | ४७२१ | ९७८३२८ | ७३६६३८ | १७१४९६६ | १५२६६७४२१४६ | ७७८६३५६२३४२ | ८७३४३४०५४९७ | ४०९९८५११८९७९.७७ | १०६४३ | ५२५१ |
| २ | प्रदेश २ | ४१५३ | २५२११२ | ३०३०८५ | ५५५१९७ | २३६५२४६१५८ | २३१९९६४१३१३ | १५०५११९८०६४ | ३७७०२१६६५७५ | १०८४३ | |
| ३ | वागमती प्रदेश | १०४१८ | १४५७२०२ | १२६०२६७ | २७१७४६९ | ५१४०६४२७७२४ | २१४६६२२०५८६००८ | १९९८६४७२४४३४ | ८४०६११७७९६३ | ३३८९२ | |
| ४ | गण्डकी प्रदेश | २६७१ | ६४२१३० | ४७४५०२ | १११६६३२ | २२०५०९६७२४६ | ८६०७४५७१६९३ | ८८३७८०६१४३३ | ८३३१३४०८९९४ | ७६३८ | |
| ५ | लुम्बीनी प्रदेश | ३७५५ | ५७६३१२ | ३२२२९९ | ८९८६११ | ५८२२२९७०५० | ५९९६३७६८४६७ | ४०८०६८०४०३२ | ११०१७५४९७४७६.५५ | ६९८९ | |
| ६ | कर्णाली प्रदेश | १९६७ | २७२०३३ | १३२९२३ | ४०४९५६ | १९१८०७३४९९ | ८८६८१७८७९२ | ७९२५२४८४८५ | ७३५२३०२६८४ | ४५३४ | |
| ७ | सुदुरपश्चिम प्रदेश | २०६० | ३१९१०० | २२३८८९ | ५४२९८९ | २०१५०८७७९७ | १०४४३४९६९४१ | ११४९९५८५३३१ | २८७७२३७१८४८ | २८१५ | |
| ८ | विभागीय नियमन क्षेत्र | १२५ | ७३२५७ | ६२६५५१ | १३५९०८ | ३२६६२८९५७ | ३३५३९२४०५९९ | २३७८३७७४४९५ | ० | ९१३ | |
| | जम्मा | २९८७० | ४५७०४७४ | ३५१६२५४ | ८०८६७२८ | १०११७१४७०५७७ | ५१५२२१३६९००७.०८ | ४५०८६९०२७२७५.८० | ७६८३६२०४४५२०.३२ | ७८२६७ | ५२५१ |

| | |
|---|---|
| कुल सहकारी संख्या | २९८७० |
| कुल सदस्य संख्या | ८०८६७२८ |
| महिला | ४५७०४७४ |
| पुरुष | ३५१६२५४ |
| कुल शेयर पूँजी | १०११७१४७०५७७ |
| कुल बचत संकलन | ५१५२२१३६९००७.०८ |
| कुल ऋण लगानी | ४५०८६९०२७२७५.८० |
| प्रत्यक्ष रोजगारी | ७८२६७ |

## ६. कोशी प्रदेशमा सहकारी अभियानको वर्तमान अवस्था

### ६.१ कोशी प्रदेशको सम्क्षिप्त परिचय

कोशी प्रदेश नेपालको पूर्वी भागमा रहेको पूर्वका १४ वटा जिल्लाहरु समेटेर रहेको प्रदेश हो । यस प्रदेशको क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर रहेको छ। नेपालको कुल भू भागको १७ प्रतिशत हो । सगरमाथा, कन्चनजंगा, ल्होत्से, मकालु जस्ता अग्ला हिम श्रृंखलाहरु यसै प्रदेशमा रहेका छन् । नेपालको सबभन्दा ठूलो नदी कोशी यस प्रदेशको पश्चिमी सीमाबाट बग्दछ भने कोशी नदीका सहायक नदीहरु अरुण, तमोर, सुनकोशी, दुधकोशीका साथै कन्काई लगायतका नदीहरु यस प्रदेशमा पर्दछन् । यस प्रदेशको पूर्वमा भारतको सिक्किम, पश्चिम बंगाल र  बिहार राज्य, पश्चिममा मधेश र बागमती प्रदेश उत्तरमा चीनको तिब्बत र दक्षिणमा भारतको विहार राज्य पर्दछन् । कोशी प्रदेशमा करिव ६० मिटरदेखि ८८४८ मीटर सम्म विभिन्न उचाईका भूभागहरु रहेका छन् । यो प्रदेश हिमाल, पहाड र तराई तीन वटै भू भागमा फैलिएको छ र सोही बमोजिम तराईको उष्ण देखि हिमाली क्षेत्रसम्म पाइने विविध प्रकारका प्राणी, वनस्पति र मौसम यहाँ पाइन्छ। २०७८ सालको जनगणना अनुसार यस प्रदेशको कूल जनसंख्या ४,९६१,४१२ रहेको छ। जसमा पुरुषको जनसंख्या २४१७३२८ रहेको छ भने महिलाको जनसंख्या २५४४०८४ रहेको छ। यस प्रदेशमा जम्मा घरधुरी संख्या ११,९१,५५६ रहेको छ। पहाडी र मधेशी मूलका विभिन्न जातजातीहरु यस प्रदेशमा वसोवास गर्दछन् । यस प्रदेशको साक्षरता ७९.७ प्रतिशत रहेको छ। कृषि, उद्योग तथा व्यापार, प्राकृतिक सम्पदा, पर्यटन तथा वैदेशिक रोजगारी यस प्रदेशका बासिन्दाहरुको जीवन निर्वाहका प्रमुख आधारहरु हुन् । कोशी प्रदेशमा १४ वटा जिल्लाहरु र १३७ वटा स्थानीय तहहरु रहेका छन् ।

**कोशी प्रदेशको समग्र सहकारी अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।**

| क्र.सं. | जिल्ला | सहकारी संख्या | सदस्य संख्या | | | पछिल्लो आ.व.को वित्तिय विवरण | | | | प्रत्यक्ष रोजगारी | संस्थागत सदस्य जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | शेयर पूँजी | बचत संकलन | ऋण लगानी | जम्मा सम्पत्ति दायित्व | | |
| १ | ताप्लेजुङ | १३८ | १३८६२ | १२६५३ | २६५१५ | ११२००९०८९ | ३१३३७७५९३ | ११९२१२९३१६ | ५५३१०२०९५.०० | ८७ | ५२५१ |
| २ | पाँचथर | २३१ | ९६६८ | ७०२१ | १६६८९ | ६७१०१८०९ | २६११५८२७८ | २०१३४९६५५ | २९२०८९१९१.६४ | ४० | |
| ३ | इलाम | ४३५ | ३००१० | ३३८६० | ७०८७० | ३९०१११०१६.५ | ११७०६८७२११ | १५३४९०२९४७ | १२७६९६५५०४.४५ | ५५४ | |
| ४ | झापा | ४६३ | १०१५८३ | ९६४८७ | १९८०७० | १५३६९६०७६१ | ६०८३६५००६१ | ६२६६२१६८५० | ७९५९५७११६८.६६ | १२०३ | |
| ५ | सुनसरी | ४९० | ७३६६२ | ६२०८९ | १३५७५१ | १४३८३१६३९० | ८०७६९२५१४९ | ६९११६६२७५९ | ७९८९४६२७७.०७ | ११७० | |
| ६ | मोरङ | ६९४ | १०४४८० | ८२९७० | १८७४४९ | २५७००८३०२४ | १६८४२७८४१८६ | १९२६३००८१०० | ३३३५२२७९८४८७.४३ | १३३१ | |
| ७ | धनकुटा | २२४ | १०१०२ | ८७२६ | १८८२८ | ६२४८९८९१ | ३११६४८८३२ | ३४०९३११७१.९ | ३५३१३२५६५.५५ | १६६ | |
| ८ | भोजपुर | १३७ | १५२३७ | ९९१७ | २५१५४ | ५१७२६६३४ | ९१५४३१४५७ | २३३१०९७८९ | ३४५५७०९०३.२६ | ९६ | |

| क्र.सं. | जिल्ला | सहकारी संख्या | सदस्य संख्या | | | पछिल्लो आ.व.को वित्तिय विवरण | | | | प्रत्यक्ष रोजगारी | संस्थागत सदस्य जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | शेयर पूँजी | बचत संकलन | ऋण लगानी | जम्मा सम्पत्ति दायित्व | | |
| ९ | संखुवासभा | ११५ | १३१५४ | ७५९३ | २०७४७ | ५८२१५७७६ | ३६६०६७०६८.३ | ३१५१५५२२९.३ | २३९१४००६१.४७ | १३१ | |
| १० | तेह्रथुम | १२२ | ११६८५ | १०८४६ | २२५३१ | १२३२५९६१८ | ३८६१९००१० | ४९८१६२५३५.५ | ६६७५३७१०५.६८ | ३११ | |
| ११ | ओखलढुंगा | १११ | ८१०८ | ७८९९ | १६००७ | ९०६८९७८७ | २५७४४९२१७.५ | ४०५३७६९८९.४ | ५२४३४६६६७.३८ | ९९ | |
| १२ | खोटाङ | १३९ | ६८३५ | ६५७७ | १३४१२ | १३८२५१४२६ | ३१५३६३६२९ | ३४३९३६५०१ | २०३७८६०८५.०० | ८५ | |
| १३ | उदयपुर | ३१३ | ३५१३० | २२७५० | ५७८८० | २१७६२१७३५.९ | १०३४१६४४५३ | १२६८१५४७६१ | ८९८६०८६३८.१८ | ३८१ | |
| १४ | सोलुखुम्बु | ६७ | ६६३० | ४६७७ | ११३०७ | ४८०६६४७४ | १३३३१०८६० | १७०८१८५०३ | १५९९४६८३३.०० | ३१ | |
| स्थानीय तह जम्मा | | ३६७९ | ४४७१४५ | ३७४०६५ | ८१५९५८ | ६९०४९०३४३१ | ३६४६८२०८००५ | ३८९५२९१५१०० | ३४७७९५५४१५८३.७७ | ५६८५ | |
| प्रदेशको नियमनमा रहेको संख्या | | १०४२ | ५३११८३ | ३६२५७४ | ८९९००८ | ८३६१८३८७१५ | ४१३९५३५४३३७ | ४८३९०४९०३९७ | ६२१८९५७७३९६ | ४९५८ | ५२५१ |
| कुल जम्मा | | ४७२१ | ९७८३२८ | ७३६६३८ | १७१४९६६ | १५२६६७४२१४६ | ७७८६३५६२३४२ | ८७३४३४०५४९७ | ४०९९८५११८९७.७७ | १०६४२ | ५२५१ |

| | |
|---|---|
| कुल सहकारी संख्या | ४७२१ |
| कुल सदस्य संख्या | १७१४९६६ |
| महिला | ९७८३२८ |
| पुरुष | ७३६६३८ |
| कुल शेयर पूँजी | १५२६६७४२१४६ |
| कुल बचत संकलन | ७७८६३५६२३४२ |
| कुल ऋण लगानी | ८७३४३४०५४९७ |
| प्रत्यक्ष रोजगारी | १०६४३ |

## ६.२ बराहक्षेत्र नगरपालिकामा सहकारी अभियानको वर्तमान अवस्था

तत्कालीन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट

बराहक्षेत्र नगरपालिकालाई हस्तान्तरण गरिएका सहकारी संस्थाहरुको विवरण

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| १ | चतरा सामुदायिक बहुउद्देश्यीय सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १ | ११।०५५।०५६ | २०५५।०९।२२ | सीता पौडेल | ९८४२११४३१४ | बराहक्षेत्र, भरौल र महेन्द्रनगर गाविस मात्र |
| २ | बाङ्गेबजार बचत तथा ऋण स. सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | १(६५१)०७३।०७४ | २०७३।०६।२० | भिमबहादुर देवान | | महेन्द्रनगर गाविस भरी |
| ३ | समावेशी बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | १२(४२६)०६८।०६९ | २०६८।०६।१० | नीरकुमार तामाङ | ९८४२३४०७८९ | महेन्द्रनगर गाविस मात्र |
| ४ | धरहरा कृषि सहकारी सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ९ | १२८।०६२।०६३ | २०६३।०३।०५ | कृष्णमणि अधिकारी | ९८१४५३७७३३ | प्रकाशपुर गाविस मात्र |
| ५ | सरस्वती महिला बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १० | १२९।०६२।०६३ | २०६३।०८।०३ | कमला घिमिरे | ९८४२१७७९४१ | प्रकाशपुर गाविस मात्र |
| ६ | कोमल साना किसान कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ५ | १४(५६६)०७०।०७१ | २०७०।०९।२१ | पदम बहादुर श्रेष्ठ | ९८४२०८५५६३ | भरौल गाविस मात्र |
| ७ | टेकानेकुञ्ज कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ५ | १४५।०६५।०६६ | २०६६।०१।२२ | अमित गौतम | ९८५२०५९०८९ | भरौल गाविस मात्र |
| ८ | बहुआयामिक कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | १५(६५४)०७३।०७४ | २०७३।०८।२४ | देवेन्द्र विष्ट | ९८५२०५४४२३ | महेन्द्रनगर गाविस मात्र |
| ९ | अजम्वरी उपभोक्ता स.संस्था | बराहक्षेत्र न.पा १० | १५३।०६५।०६६ | २०६६।०१।२८ | लेककुमारी थापा | ९८०४०६०७९१ | प्रकाशपुर गाविस मात्र |
| १० | छिन्नमस्ता उपभोक्त स. | बराहक्षेत्र न.पा २ | १५४।०६५।०६६ | २०६६।०१।२९ | कमल कार्की | ९८४२०५२०५३ | बराहक्षेत्र गाविस मात्र |

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| ११ | शुक्रवारे बचत तथा ऋण | बराहक्षेत्र न.पा ११ | १५७।०६५।०६६ | २०६६।०१।३१ | गंजलाल माझी | ९८४२१७२७०३ | मधुवनको वडा नं.७ र ८ मात्र |
| १२ | चौदण्ड बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १ | १६(४३०)०६८।०६९ | २०६८।०८।०१ | लालकुमार राई | ९८४१४६४६१७ | बराहक्षेत्र गाविस मात्र |
| १३ | जन्मभूमी कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा २ | १६(६४३)०७२।०७३ | २०७२।११।२१ | मनोज पौडेल | ९८४२१७०९२१ | बराहक्षेत्र गाविस मात्र |
| १४ | प्रगतिशील दुग्ध उत्पादक सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | १७(०६१।०६२ | २०६१।०५।१५ | रामप्रसाद रेग्मी | ९८४२१११६५४ | महेन्द्रनगर गाविस मात्र |
| १५ | त्रिपुरा बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ११ | १८(६४६)०७२।०७३ | २०७२।१२।२३ | धनबहादुर थापा | ९८५१०१०५९० | मधुवन गाविस मात्र |
| १६ | तिर्थनगरी बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा २ | १८(६५७)०७३।०७४ | २०७३।०९।१४ | गोविन्द मगर | ०२५५५०१२४ | बराहक्षेत्र १-९ सम्म मात्र |
| १७ | आधार बचत तथा ऋण स. | बराहक्षेत्र न.पा ६ | १९(५७१)०७०।७१ | २०७०।१०।२४ | भुवन राई | ९८४२०३६८४२ | महेन्द्रनगर गाविस मात्र |
| १८ | चन्द्रमैन कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १ | १९(६५८)०७३।०७४ | २०७३।०९।१४ | देवकुमारी घिमिरे | | बराहक्षेत्र १-९ सम्म मात्र |
| १९ | दाजुभाई बचत तथा ऋण | बराहक्षेत्र न.पा ५ | २(४६५)०६९।०७० | २०६९।०४।१० | श्याम कार्की | ९८०४०२१६०४ | भरौल गाविस मात्र |
| २० | गरैया कृषि सहकारी सं | बराहक्षेत्र न.पा ९ | २(६२९)०७२।०७३ | २०७२।०४।१९ | दिलिप कु. मण्डल | ९८००९२४९४६ | प्रकाशपुरको २,३,४,५ नं. वडा |
| २१ | प्रकाशपुर दुग्ध उत्पादक सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १० | ०२।०४९।०५० | २०५०।०१।२३ | हुमरजंग बस्नेत | ९८४२०६५४९६ | प्रकाशपुर र महेन्द्रनगर मात्र |

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| २२ | बुधवारे कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ६ | २०(६५९)०७३।०७४ | २०७३।०९।२० | किरण चौलागाई | ९८०४००३९३८ | महेन्द्रनगर गाविस भरी मात्र |
| २३ | हरिद्धार कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा २ | २१(६११)०७१।०७२ | २०७१।०८।१४ | मणि कुमार दाहाल | ९८४२१८४३५५ | बराहक्षेत्र गाविस मात्र |
| २४ | पंखवती बचत तथा ऋण | बराहक्षेत्र न.पा २ | २१(६४८)०७२।०७३ | २०७३।०१।१७ | इश्वरबहादुर थापा | ९८१९३८९४५५ | बराहक्षेत्र गाविस मात्र |
| २५ | सरोवर बचत तथा ऋण | बराहक्षेत्र न.पा १ | २१(६६०)०७३।०७४ | २०७३।०९।२५ | रोशन श्रेष्ठ | ९८५११२०६१२ | बराहक्षेत्र गाविस भरी मात्र |
| २६ | उत्सुकता बचत तथा ऋण | बराहक्षेत्र न.पा १० | ३२(४८६)०६९।०७० | २०६९।०९।२५ | विनाकुमारी थापा | ९८४३३०३४७६ | प्रकासपुर गाविस मात्र |
| २७ | रक्षा बचत तथा ऋण सहकारी | बराहक्षेत्र न.पा ६ | २३(६१३)०७१।०७२ | २०७१।०८।२८ | रोशन प्र. रौनियार | ९८०४३१३५६७ | महेन्द्रनगर गाविस मात्र |
| २८ | कमल पोखरी कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ४ | २३(६६२)०७३।०७४ | २०७३।१०।०३ | डिल्लीराम कट्टेल | ९८६२०११७१७ | भरौल २,६,७,८ ९ मात्र |
| २९ | धनउपरा कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ४ | २४(५७६)०७०।०७१ | २०७०।११।२९ | आशाराम चौधरी | ९८०१३७८२४९ | भरौल गाविस मात्र |
| ३० | नविल बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ५ | २४(६६३)०७३।०७४ | २०७३।१०।१३ | लक्ष्मण कटुवाल | ९८६२१४८५३६ | भरौल १,३,४ र ५ मात्र |
| ३१ | महेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ६ | २६(४८९)०६९।०७० | २०६९।१०।१७ | शालिग्राम दाहाल | ९८४२०२२८६२ | महेन्द्रनगर गाविस मात्र |
| ३२ | बयरवन महिला बचत ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | २६(६१६)०७१।०७२ | २०७१।०९।०३ | गीता नेपाल | ९८१६३७१५२३ | बराहक्षेत्र गाविस मात्र |

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| ३३ | सामविका महिला ब.उ. | बराहक्षेत्र न.पा ६ | २७।०५५।०५६ | २०५६।०२।२४ | केशवकुमारी राई | | महेन्द्रनगर गाविस मात्र |
| ३४ | सञ्चितनारी विकास बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ८ | २७।०५८।०५९ | २०५८।०६।२२ | जमुना थापा दाहाल | | महेन्द्रनगर गाविस मात्र |
| ३५ | सुनसरी महिला बहुउद्देश्यीय | बराहक्षेत्र न.पा ८ | २८।०५५।०५६ | २०५६।०२।२४ | राधिका चौधरी | | महेन्द्रनगर गाविस मात्र |
| ३६ | स्वागतम बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा २ | २९१(४४३)०६८।०६९ | २०६८।१०।१२ | | | महेन्द्रनगर गाविस मात्र |
| ३७ | बालचनखोरीया कृषि सहकारी सस्था लि. | बराहक्षेत्र न.पा २ | ३(४६६)०६९।०७० | २०६९।०४।१४ | तुलसी पाण्डे | ९८४२२८२९०६ | बराहक्षेत्र १,२,३,४ र ६ वडा नं. मात्र |
| ३८ | मधुप्रकाश दुग्ध उत्पादक सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ११ | ३।३।१।७२।०४७।४८ | २०४७। | डिल्ली प्रसाद वास्तोला | ९८४२२६३०९२ | मधुवन र प्रकाशपुर ६,७,९ मात्र |
| ३९ | मंगलम बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ५ | ३१।०६७।०६८ | २०६७।०९।०५ | कृष्णकुमार तामाङ | ९८४२०२२३५५ | भरौल गाविस मात्र |
| ४० | जनकल्याण कृषि सहकारी | बराहक्षेत्र न.पा ६ | ३२।०६२।०६३ | २०६२।०८।१० | बन्दना विष्ट | | महेन्द्रनगर गाविस मात्र |
| ४१ | कोकाकौशिकी बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | ३५(५८७)०७०।०७१ | २०७१।०२।०६ | कुमार श्रेष्ठ | ९८४२०३६३२० | महेन्द्रनगर गाविस मात्र |
| ४२ | कालाबञ्जर कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ५ | ३६(६२६)०७१।०७२ | २०७१।११।१७ | इन्द्रबहादुर कार्की | ९८४२२७५६०४ | भरौल गाविस मात्र |
| ४३ | कटहरे बचत तथा ऋण | बराहक्षेत्र न.पा १ | ३८(५०१)०५९।०७० | २०६९।१२।१२ | पार्वती राई श्रेष्ठ | | बराहक्षेत्र वडा नं. ७ मात्र |
| ४४ | गंगोत्री कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ११ | ३८(५९०)०७०।०७१ | २०७१।०२।१५ | ममताकुमारी मेहता | ९८४२०५५८४० | मधुवन गाविस मात्र |

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| ४५ | समता महिला लघुउद्यम सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ३ | ३९(५०२)०६९।०७० | २०६९।१२।१३ | सीताकुमारी कार्की | ९८४२२६४९२१ | भरौल गाविस मात्र |
| ४६ | आनन्द कृषि सहकारी संस्था | बराहक्षेत्र न.पा ६ | ४०(६३०)०७१।०७२ | २०७१।१२।२५ | संगिता राई | ९८१६३००५१३ | म.न., प्रकाशपुर, मधुवन, भरौल |
| ४७ | नवपालुवा कृषि सहकारी | बराहक्षेत्र न.पा ८ | ४३(६३३)०७१।०७२ | २०७१।१२।२९ | राम बहादुर निरौला | ९८४२१२००४७ | महेन्द्रनगर गाविस मात्र |
| ४८ | चिलिय बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ६ | ४४(५०७)०६९।०७० | २०७०।०१।०६ | उर्मिला लिम्बू | ९८४२१४७७०८ | महेन्द्रनगर गाविस मात्र |
| ४९ | औलियाबाबा बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा २ | ४४।०६६।०६७ | २०६६।०९।२६ | कृष्णप्रसाद कट्टेल | ९८४२०४११३७ | बराहक्षेत्र गाविस मात्र |
| ५० | खुशी बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ५ | ४६।०६७।०६८ | २०६६।११।१९ | देवेन्द्र व. विष्ट | ९८५२०५९४५५ | भरौल गाविस मात्र |
| ५१ | चक्रघट्टी बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ६ | ५(४१९)०६८।०६९ | २०६८।०४।२५ | अनिलकुमार कर्ण | ९८४२१७७३१९ | महेन्द्रनगर गाविस मात्र |
| ५२ | महाकुम्भ लघुउद्यम सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १ | ५०(६४०)०७१।०७२ | २०७२।०२।३२ | बिना राई | ९८१९०११३१६ | बराहक्षेत्र गाविस मात्र |
| ५३ | लोकपालन कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ८ | ५१(६४१)२०७१।०७२ | २०७२।०३।०१ | खेमबहादुर थापा | ९८४३६१६५८८ | महेन्द्रनगर गाविस मात्र |
| ५४ | सलेश्वर महिला बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ११ | ५३(५१६)०६९।०७० | २०७०।०१।३१ | चन्द्रा कु. न्यौपाने | ९८४२२७६३३५ | मधुवन गाविस मात्र |
| ५५ | भलुवाचौरी कृषि सहकारी | बराहक्षेत्र न.पा ५ | ५३(६४३)०७१।०७२ | २०७२।०३।१४ | गणेश उपाध्याय | ९८४२११२९९९ | भरौल गाविस मात्र |

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| ५६ | विनायक कृषि सहकारी सस्था लि. | बराहक्षेत्र न.पा ५ | ५४।०६५।०६६ | २०६५।०८।२२ | अर्जुन भट्टराई | ९८०४३१५१२९ | भरौल गाविस मात्र |
| ५७ | कान्तिपुरी कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | ५५(६४५)०७१।०७२ | २०७२।०३।२४ | कल्याण राई | ९८०२७९२७७६ | महेन्द्रनगर गाविस मात्र |
| ५८ | आभालघुउद्यमी बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | ५६।०६६।०६७ | २०६६।१०।०६ | ध्यानबहादुर राई | ९८०४०७८४०३ | महेन्द्रनगर र भरौल गाविस मात्र |
| ५९ | हरियाली बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ६ | ५८।०६५।०६६ | २०६५।०९।०१ | हरिराज निरौला | ९७४११४२१४८ | महेन्द्रनगर गाविस मात्र |
| ६० | प्राङ्गारिक कृषि सहकारी | बराहक्षेत्र न.पा ३ | ५९(५२२)०६९।०७० | २०७०।०३।११ | इन्द्र ब. राई | ९८१६३५९८७६ | भरौल गाविस मात्र |
| ६१ | सर्वेश्वर महिला कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ६ | ६५(५२८)०६९।०७० | २०७०।०३।११ | सुस्मिता राई | ९८०४७३८०१७ | महेन्द्रनगर गाविस मात्र |
| ६२ | समसामहिक बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ७ | ६७।०६६।०६७ | २०६६।१०।२४ | इन्द्र व. श्रेष्ठ | ९८१४३०८४०९ | महेन्द्रनगर १ र ४ भरौल १ र ३ |
| ६३ | कोशीटप्पु बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ९ | ६८।०६२।०६३ | २०६२।१०।२७ | रामचन्द्र अधिकारी | ९८४२२३४४३५ | प्रकाशपुर गाविस मात्र |
| ६४ | निलकमल कृषि सहकारी | बराहक्षेत्र न.पा ३ | ७(५५१)०७०।०७१ | २०७०।०८।२५ | भक्तसिंह लिम्बु | ९८०७३०३५७८ | भरौल गाविस मात्र |
| ६५ | पिपलबोटे बचत तथा ऋण सहकारी संस्था लि. | बराहक्षेत्र न.पा १० | ७६।०६६।०६७ | २०६६।११।१८ | बद्री क. बुढाथोकी | ९८४२२३६८९७ | प्रकाशपुर गाविस मात्र |
| ६६ | पानीजलुवा कृषि सहकारी संस्था लि. | बराहक्षेत्र न.पा ३ | ७९(५४२)०६९।०७० | २०७०।३।१८ | दिलबहादुर दियाली | ९८०४०३६०७१ | भरौल गाविस मात्र |

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | अध्यक्षको नाम | सम्पर्क नं. | साविक र हालको कार्यक्षेत्र नियमनको अधिकार |
|---|---|---|---|---|---|---|---|
| ६७ | चारकोशे दुग्ध उत्पादक | बराहक्षेत्र न.पा ५ | ८(४२२)०६८।०७९ | २०६८।०६।०१ | केवलराम राय | ९८४२१३७९३३ | भरौल गाविस मात्र |
**६३. अग्राधिकार रहने:** कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

**६४. कार्यवाही गर्न वाधा नपर्ने:** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद– १५

## एकीकरण, बिघटन तथा दर्ता खारेज

**६५. एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्था:** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

**६६. विघटन र दर्ता खारेज:** (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ :–

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :–

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. **लिक्वीडेटरको नियुक्ति:** (१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

६८. **लिक्वीडेशन पछिको सम्पतिको उपयोग:** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१६
## दर्ता गर्ने अधिकारी

६९. **दर्ता गर्ने अधिकारी:** (१)यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू बराह नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७०. **काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१७
## निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अभिलेख जाँच गर्ने:** (१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको काम कारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले बराह नगर कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७२. छानविन गर्न सक्ने :** (१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोबार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः–

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई नगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

**७५. आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः** (१) संस्थाले संघीय कानुनमा व्यवस्था भएबमोजिम आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

*__७५क. निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनु पर्नेः__ (१) यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनु पर्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः** (१) बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद –१८

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने:** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

---

* पहिलो संशोधनद्वारा संशोधित

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा वीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा नगर कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

७८. **व्यवस्थापन समितिको गठन:** (१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिफारिस भई आएमा नगर कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१९

## कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

७९. **कसूर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. सजायः** (१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्‍याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्‍याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८१. **जरिवाना हुने :** (१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैँयासम्म जरिवाना गर्नेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको दश गुणा भन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम ब्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

**८२. रोक्का राख्ने :** (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

**८३. दोब्बर जरिवाना हुने :** (१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

**८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :** दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**८५. मुद्दासम्बन्धी व्यवस्थाः** दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**८६. मुद्दा हेर्ने अधिकारी:** दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

***८७. उजूरी दिने हद म्याद :** (१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसुर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले एक वर्षभित्र उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८१ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले एक वर्षभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

**८८. पुनरावेदन गर्न सक्ने :** (१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर नगर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित

(२) दफा ८१ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः

(क) दर्ता गर्ने अधिकारी र नगर कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा ।

८९. **असूल उपर गरिने :** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद–२०
## विविध

९०. **मताधिकारको प्रयोग :** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भएतापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

*९०क. **नगर सहकारी समितिको गठन :** (१) बराहक्षेत्र नगरपालिका क्षेत्र भित्रका सहकारी संस्थाहरुको दर्ता, सञ्चालन, नियमन र प्रवद्र्धनको लागि कार्यपालिकाले देहायको नगर सहकारी समिति गठन गर्न सक्नेछ ।

(क) नगर प्रमुख – संयोजक

(ख) नगर उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) आर्थिक विकास समिति संयोजक – सदस्य

(ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट एक महिला सहित दुई जना – सदस्य

(च) जिल्ला सहकारी संघका प्रतिनिधि एक जना – सदस्य

(छ) कार्यपालिकाले मनोनित गरेको नगर क्षेत्रभित्रका भिन्न भिन्न प्रकृतिका सहकारी संस्थाबाट प्रतिनिधत्व हुने गरी सहकारी संस्थाका एक जना महिला सहित तीन जना – सदस्य

(ज) सहकारी शाखा प्रमुख – सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार तोकए बमोजिम हुनेछ ।

९१. **सामाजिक परीक्षण गराउन सक्ने :** (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

९२. **सहकारी शिक्षाः** सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९३. **आर्थिक सहयोग गर्न नहुने:** संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सामाजिक कार्यका लागि बाहेक सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछैनन्

तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थालाई आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोवार गर्न सक्नेः** संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

९५. **ठेक्कापट्टा दिन नहुने:** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. **सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

९८. **प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने :** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

९९. **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्नेः** संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय / प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

१००. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

१०१. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

## अनुसूची १

# दर्ता दरखास्त

मिति : २०... । ...

श्री दर्ता गर्ने अधिकारी ज्यू !
बराह नगर कार्यपालिकाको कार्यालय चक्रघट्टी, सुनसरी ।

## विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ ।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(छ) प्राप्त सेयर पूँजीको रकम :– रु. ....

(ज) प्राप्त प्रवेश शुल्कको रकम :- रु. .....

अनुसूची २

## संस्था दर्ता प्रमाण–पत्र

बराह नगर कार्यपालिकाको कार्यालय चक्रघट्टी, सुनसरी

# सहकारी दर्ता प्रमाण–पत्र

दर्ता नं. ः

बराह नगरपालिका सहकारी ऐन, २०७४ को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

वर्गीकरण ः ... ... ... ... ... ... ... ...

दर्ता गरेको मिति ः

दस्तखत ः

दर्ता गर्ने अधिकारीको नाम ः

कार्यालयको छाप ः

८. बराहक्षेत्र नगरपालिकाको सहकारी नियमावली, २०७८

# बराहक्षेत्र नगरपालिका
# स्थानीय राजपत्र

बराहक्षेत्र नगरपालिकाद्वारा प्रकाशित

(खण्ड २) मिति २०७८ साल असोज ३ (संख्या ८)

## भाग १

## बराहक्षेत्र नगरपालिकाको सहकारी नियमावली, २०७८

**प्रस्तावनाः**

बराहक्षेत्र नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी बराहक्षेत्र नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो नियमावलीको नाम बराहक्षेत्र नगरपालिकाको सहकारी नियमावली, २०७८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,—

(१) "ऐन" भन्नाले बराहक्षेत्र नगरपालिकाको सहकारी ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(२) "अनुदान" भन्नाले मन्त्रालयले तोकेको सहकारीको क्षेत्र, सीमा र प्रकृति अनुसार लगानी गर्न मन्त्रालय वा कार्यालयबाट प्राप्त सहयोग रकम सम्झनुपर्छ ।

(३) "कर्जा वा ऋण" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले लिएको, सदस्यलाई दिएको कर्जा वा ऋणको साँवा, ब्याज र हर्जना समेतको रकम सम्झनुपर्छ ।

(४) "कार्यालय" भन्नाले बराहक्षेत्र नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(५) "नियमित बचत" भन्नाले सदस्यले दैनिक, साप्ताहिक, पाक्षिक, मासिक वा बार्षिक रुपमा गर्ने बचत रकम सम्झनुपर्छ ।

(६) "बहुउद्देश्यीय सहकारी संस्था" भन्नाले दुई वा दुईभन्दा बढी उद्देश्य लिई काम गर्ने सहकारी संस्था सम्झनुपर्छ ।

(७) "बिशिष्टीकृत सहकारी सङ्घ" भन्नाले प्रदेश सहकारी ऐन २०७६ को दफा ८ र संघीय सहकारी ऐन २०७४ को दफा ९ बमोजिम गठन हुने बिशिष्टीकृत सहकारी सङ्घ सम्झनु पर्छ ।

(८) "मन्त्रालय" भन्नाले संघीय तथा कोशी प्रदेशको सहकारी हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(९) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक वा प्रबन्धक सम्झनु पर्छ ।

(१०) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ र सो शब्दले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयको प्रमुखलाई समेत जनाउँछ ।

(११) "संस्थागत पुँजी" भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, अन्य कोषहरु, पुरस्कार तथा अनुदान रकम समेतलाई सम्झनुपर्छ ।

(१२) "दर्ता गर्ने अधिकारी" भन्नाले बराहक्षेत्र नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ६९ को अधिकारीलाइ सम्झनुपर्छ ।

## परिच्छेद २

## संस्था गठन दर्ता तथा सञ्चालन

**३. संस्था गठन, दर्ता तथा सञ्चालन :**

(१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेसागत सङ्गठनका आधारमा सहकारी संस्था गठन गर्दा देहायका सर्तहरू पूरा भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरू मात्र सदस्य हुनु पर्ने,

(ख) संस्थाको कार्यक्षेत्र बराहक्षेत्र नगरपालिकाभित्र हुनु पर्ने,

(ग) नगरपालिकामा आफ्नो पेसागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्ने ।

(२) विद्यालय, विश्वविद्यालय वा सङ्गठित पेसागत संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने कुनै एकमात्र संस्थामा सदस्यता लिन सक्नेछन्

(३) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यहरू मात्र गर्न सक्नेछन् :-

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम सङ्कलित बचत रकम सदस्यहरूलाई ऋण तथा सापटीको रूपमा परिचालन गर्ने,

(ग) सदस्यहरूको बौद्धिक विकास, कला एवम् साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने।

(४) यस नियम बमोजिमका संस्थाको गठन तथा अन्य व्यवस्था कार्यालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(५) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनको सिफारिस आवश्यक पर्नेछ ।

**४. विशिष्टीकृत सङ्घको गठनका आधार तथा सञ्चालन प्रकृया:**

(१) प्रदेश सहकारी ऐनको दफा ८ र संघीय सहकारी ऐनको दफा ९ बमोजिम संस्थाहरू मिली विशिष्टीकृत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

**५. संस्था दर्ताको दर्खास्तको ढाँचा र पेस गर्नु पर्ने विवरण:**

(१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी वा अधिकार प्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि दरखास्त दिनुपर्नेछ । सो अनुसार दरखास्त प्राप्त भएपछि दर्ता गर्ने अधिकारी वा अधिकार प्राप्त अधिकारीले प्रचलित कानुन बमोजिमको ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रतिवेदन अनुसूची-१ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनुसूची-२ को ढाँचामा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा दफा ५ को उपदफा (२) मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछ:-

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची -३ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची -४को ढाँचामा सदस्यबाट शेयर पुँजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकमको भरपाई,

(घ) अनुसूची -५ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची -६ को ढाँचामा स्व-घोषणा पत्र,

(च) अनुसूची -७ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(छ) आवेदक संस्थाका पदाधिकारीहरु मध्ये कम्तिमा दस प्रतिशत सदस्यले एक दिवसीय पूर्व–सहकारी शिक्षा प्राप्त गरेको प्रमाण,

(ज) आवेदकहरूको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

(झ) `पेशागत सङ्गठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत सङ्गठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ञ) `संस्थाको कायक्षेत्र भित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण।

**६. बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड:**

(१) ऐनको दफा ६ बमोजिम दर्ता हुँदाका बखत एक वडा भन्दा कार्यक्षेत्र नबढ्ने गरी बचत तथा ऋण सहकारी संस्था दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू तीन वर्षभित्र नियम ३१ बमोजिम एकीकरण गरिसक्नुपर्नेछ ।

तर महिलामात्र सदस्य भएको संस्था एकीकरण गर्दा महिलामात्र सदस्य भएको संस्थासँग वा एकीकरण पश्चात पनि महिलाहरुको नेतृत्व सुनिश्चित हुने गरी एकीकरण गर्न सकिनेछ ।

**७. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा उक्त दफामा उल्लेखित आधारका अतिरिक्त देहायका विशेष व्यावसायिक आवश्यकतालाई समेत आधार लिनु पर्नेछ :-

(क) `उत्पादनको सङ्कलन, सञ्चय, प्रशोधन र सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नुपर्ने भएको,

(घ) `सेवाको माग, प्रति एकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतवाट कार्यक्षेत्रको विस्तार आवश्यक भएको ।

तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवम् व्यावसायिक सेवा विस्तारको मनासिब स्तर हासिल नभएसम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

**८. सहकारी संस्थाको कार्यक्षेत्र पुन: निर्धारणका आधार तथा प्रक्रिया :**

(१) संस्थाको कार्यक्षेत्र पुन: निर्धारण गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा (वडागत रुपमा जम्मा व्यावसायिक कारोवारको तीन प्रतिशत भन्दा बढी भएको), वा अध्ययन प्रतिवेदन प्राप्त गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको

(घ) ऐनको दफा ९ को उपदफा (२) बमोजिम अनुसूची –८ को ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएको र दर्ता गर्ने अधिकारीले विनियम संशोधनको प्रक्रिया पूरा गरी पेश गर्न आदेश दिएको हुनुपर्नेछ ।

(२) संस्थाको कार्यक्षेत्र पुनः निर्धारणका लागि ऐनको दफा ९ को उपदफा (३) बमोजिम संस्थाले देहायका विवरण पेश गर्नुपर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोबार र नाफा-नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडा अनुसार सदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग)मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको वडाअनुसारको विवरण ।

(३) कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्रमा १० प्रतिशत भन्दा कम सदस्य रहेको वा १० प्रतिशत भन्दा कम कारोबार रहेको हुनुपर्नेछ ।

## ९. संस्थाको उद्देश्य र कार्य परिवर्तन सम्बन्धी व्यवस्था:

(१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफ्नो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको उद्देश्य र कार्य परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट निर्णय गराइ सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सो को स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) बचत तथा ऋण सहकारी संस्था, बहुउद्देश्यीय सहकारी संस्था जस्ता बित्तीय सहकारी संस्थाबाहेक उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था, यातायात संस्था), उपभोक्ता भण्डार समेतका उपभोक्ता सहकारी संस्थाको विनियममा बचत तथा ऋणको कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्नु हुँदैन ।

(३) उपनियम (१) बमोजिम परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रही कार्यालयवाट निर्धारित सर्त र कार्यविधि पूरा गरी गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नु पर्नेछ ।

## १०. संयुक्त रूपमा वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन:

(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त रूपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहायबमोजिमका साझा आधार विकास गरेर कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् :-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य श‍ृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्ध,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चांलन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयारी,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता तयारी,

(घ) सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट पारित खण्ड (ख) बमोजिमको प्रस्तावना,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्तरूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बद्ध संस्थाहरूबीचको करार सम्झौता,

(च) प्रचलित कानुनबमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए दर्ता गरिएको,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको ।

(२) उपनियम (१) को अधिनमा रही अन्तरसहकारी सहयोगको भावनाले आवश्यकता अनुसार विषयगत वा फरक विषयगत वा बहुउद्देश्यीय संस्थाहरु मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले तीस दिन भित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता गर्ने अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाले दर्ता गर्ने अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**११. सहकारी संस्थाको विनियम :**

(१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची –९ मा उल्लिखित विनियमका अङ्ग तथा विषयहरू समावेश गर्नु पर्नेछ ।

(२) सहकारी संस्थाको प्रकृति हेरी दर्ता गर्ने अधिकारीले थप विनियमका अङ्ग तथा विषयहरू विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

## परिच्छेद-३

## सदस्यता

**१२. सदस्यताको समाप्तिः**

(१) ऐनको दफा २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको प्रक्रिया पूरा गरेको हुनु पर्नेछ :-

(क) सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा सञ्चालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको समितिले आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम सञ्चालक समितिको निर्णय चित्त नबुझेमा साधारण सभामा उजुरी गर्नु पर्नेछ ।साधारण सभाको निर्णय उपर चित्त नबुझेमा दर्ता गर्ने अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली लागू भएको

मितिले एक वर्ष भित्र स्व-घोषणा गर्न सूचना दिई दोहोरो सदस्यता भएको पाइएमा सोही अवधि भित्र हटाई सक्नुपर्नेछ।

(४) उप-नियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाको सदस्यता कायम राखी अन्य संस्थाले त्यस्तो सदस्यको दोहोरो सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले ऐनको दफा २२ को उपदफा (१) विपरीत कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सबै भन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र त्यस्ता संस्थाले तदनुसार सदस्यता अन्त्य गर्नुपर्नेछ ।

## परिच्छेद-४

## साधारण सभा

### १३. साधारण सभाको बैठक:

(१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी पत्राचार, 'एस.एम.एस', एफ.एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू स्वयम् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको कार्यसूची साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्नु अगावै यथाशक्य छिटो उपलब्ध गराउनु पर्दछ ।

(४) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति तथा आफूहरु मध्येबाट सञ्चालकले चुनेका ४ जना सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) सदस्य सङ्ख्या एक हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा–वडा वा पायकको एकभन्दा बढी स्थानमा समान कार्यसूची राखेर साधारण सभा सञ्चालन गर्नु पर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको उपस्थिति गराउनु पर्छ र देहाय अनुसार साधारण सभा सञ्चालन गर्ने ब्यवस्था गर्नु पर्नेछ ।

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाइमा सदस्य संख्याको आधारमा विभाजन गर्ने ।

(ख) सम्बन्धित एकाइमा रहेका सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या यकिन गर्ने ।

(ग) यकिन भएको संख्याको आधारमा प्रतिनिधि चयन गर्ने र

(घ) साधारण सभाको समान कार्य सूचीमा एकाइमा रहेका सदस्यहरु बीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरुको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने ।

(ङ) प्रतिनिधि चयन गर्दा साधारण सदस्यको १:१० अनुपातमा चयन गर्नुपर्नेछ ।

(६) उपनियम (५) मा उल्लिखित अवस्थामा प्रत्येक बैठकको अध्यक्षता गर्ने व्यक्ति र आफूहरु मध्येबाट चुनिएका २ जना सदस्यहरूबाट निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम भएका निर्णयहरू साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा प्राप्त गरी प्रत्येक बैठकबाट समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी कम्तीमा अध्यक्ष सहित तीन जना चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी अन्तिम निर्णय प्रमाणित गर्नेछन् ।

(८) सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले उपनियम (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुनेछैन ।

(९) उपनियम (५) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**१४. सञ्चालक समितिको बैठक:**

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
तर दुई बैठकबीचको अवधि साधारणतया साठी दिनभन्दा बढी हुनेछैन ।

(३) समितिको बैठकको गणपूरक सङ्ख्या समितिका कुल सदस्य सङ्ख्याको बहुमत संख्यालाई मानिने छ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरू मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

(५) उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई उपस्थित मध्येबाट ज्येष्ठ सदस्यको अध्यक्षतामा सञ्चालक समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

**१५. समितिको काम, कर्तव्य र अधिकार: ऐनको दफा ३२ मा उल्लिखित कार्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक सहयोग र सहभागिता जुटाउन आवश्यक कार्य गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुर्‍याउनुका साथै प्राप्त निर्देशनहरू कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन गर्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचार संहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

**१६. तदर्थ समितिको गठन :**

(१) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीवाट अधिकार प्राप्त अधिकारीले साधारण सदस्यहरु मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछः-

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेका ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) जम्मा सदस्य संख्याको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने ।

**१७. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यताः ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-**

(१) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको,

(२) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(३) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धी तालिम लिएको ।

## परिच्छेद-५
## बचत तथा ऋणको परिचालन

**१८. उद्देश्य विपरीत कार्य गरेको मानिने:** बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्था बाहेकका संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६६ को उपदफा (३) को खण्ड (ग) को उद्देश्य विपरीत कार्य गरेको मानिनेछ ।

**१९. सदस्यको रकम फिर्ता:**

(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन पारित भएको बढीमा तीस दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अङ्कित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत दायित्व कट्टा गरी बाँकी रकम निजलाई तुरुन्त फिर्ता गर्नुपर्नेछ।

## परिच्छेद-६
## कोष सम्बन्धी व्यवस्था

**२०. संरक्षित पुँजी फिर्ता कोष वितरणका आधार:**

(१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहायबमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछ :-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको व्याज वा बचतमा प्राप्त गरको ब्याज,

(ग) अन्य उपभोक्ता संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ)श्रमिक संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख) र (ग) मा उल्लिखित आधार ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

(५) संरक्षित पुँजी फिर्ता कोषको रकम सदस्यलाई फिर्ता गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम कारोबार गरेको सदस्यसँग सम्पर्क हुन नसकेको अवस्थामा त्यस्तो सदस्यले प्राप्त गर्ने रकम संस्थाको जगेडा कोषमा सार्नुपर्नेछ ।

(७) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम कुनै आर्थिक वर्षमा कुनै कारणबस वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

**२१. अन्य कोष सम्बन्धी व्यवस्था:**

(१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र एक प्रतिशतले हुन आउने रकम

ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :–

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

(३) सहकारी प्रवर्द्धन कोषको रकम परिचालन सङ्घीय सहकारी नियमावली २०७५ को नियम २६ बमोजिम हुनेछ ।

(४) सहकारी सस्थाले साधारण सभाबाट निर्णय गरी अन्य कोषहरुको व्यवस्थापन गर्न सक्नेछ ।

**२२. अभिलेख:**

(१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखामान प्रचलित कानुनले तोकेको ढाँचा अनुसार राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछ :-

(क) सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाही किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा सङ्घ, संस्था वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं समपरीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) प्रचलित कानुनले तोकी दिएको ढाँचा बमोजिमको हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण-पत्र,

(ट) अनुदान प्राप्ति र परिचालन खाता,

(ठ) समय-समयमा प्रचलित कानुनले तोकिदिएको अन्य अभिलेख एवम् खाताहरू ।

(३) एक करोड रुपैयां भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख प्रचलित कानुनले तोके बमोजिम मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर)मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी हेर्ने सम्बन्धित सङ्घीय मन्त्रालय तथा सहकारी बिभागले तोकेको सहकारी तथा गरिबी सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा अनिबार्य प्रविष्ट गर्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठ-सुरक्षा (ब्याकअप) व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ ।

## परिच्छेद-७
## छुट, सुविधा र सहुलियत

**२३. छुट, सुविधा र सहुलियत:**

(१) ऐनको दफा ५७ को उपदफा (१) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट (रजिष्ट्रेशन) दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित दर्ता गर्ने अधिकारी समक्ष दिनु पर्नेछ :-

(१) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(२) साधारण सभाको बैठकबाट घर जग्गा धनीको नाम नामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(३) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(४) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पुँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पुँजी, जगेडा कोष र बचत रकमको लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(५) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखाई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्य योजना ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता गर्ने अधिकारीले छुट सुविधा र सहुलियतको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद-८
## ऋण असुली तथा बाँकी बक्यौता

### २४. ऋण तथा बाँकी बक्यौता असुली:

(१) ऐनको दफा ५८ बमोजिम संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(१) बाँकी बक्यौता तिर्नु बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पुर्जी पठाउनु पर्छ ।

(२) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) धितो राखेको घर जग्गा-जमिन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(४) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशन गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जनाको रकम समेत उल्लेख गरी सूचना प्रकाशन गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनभित्र लिलाम बिक्री गरी साँवा व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना संस्थाको कार्यालय, नगरपालिका, सम्वन्धित वडा कार्यालय, सार्वजनिक स्थान र ऋणीलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन ।

(५) धितो लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नु पर्नेछ ।

(६) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको नगरपालिका वा वडाको प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय वा नगरपालिकाको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालयको प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकम भन्दा कम नहुने गरी बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति र मुचुल्का गराई बिक्री गर्नुपर्नेछ ।

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैनन् ।

**स्पष्टीकरणः** नजिकको नातेदार भन्नाले बाबु, आमा, पति, पत्नि, छोरा, छोरी, बुहारी, दाजु, भाइ, दिदी बहिनी, सासु, ससुरा, ज्वार्इ, साला, साली, धर्मपुत्र, धर्मपुत्रीलार्इ सम्झनु पर्छ ।

(७) खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्रीको सिलबन्दी खोलेपछि विनियमले तोकेबमोजिमको ढाँचाको फाराममा निजहरुले बोलेको अङ्क अक्षर स्पष्ट खोली निजहरुको सहीछाप गराउनु पर्नेछ ।

(८) संस्थाले चल, अचल सम्पत्ति लिलामको डांक बढाबढ गर्दा गोप्य सिलबन्दी आब्हान गर्नु पर्नेछ ।

(२) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (१) को खन्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र नगरपालिका वा वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।
तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ५८ को उपदफा (६) बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।
तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

**२५. लिलाम बिक्री स्थगित गर्न सक्ने:** लिलाम बिक्रीको सूचना प्रकाशित भ भइसकेपछि मुनासिव माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

**२६. असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने:**

(१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा बाकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र प्रचलित नियम बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले वा एकाघरको परिवारले कमाएको वाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

**२७. बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सहकारी ऐन २०७४ को दफा १३५ मा उल्लिखित संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता बापत धितो लिएको वा संस्था आफैंले धितो सकार गरेको घर, जग्गा यस नियमावली बमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्नेछैन ।

**२८. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने:**

(१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दस प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइ राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दस प्रतिशत रकम उसै दिन नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा वा नियम २४ को उपनियम (४) बमोजिम संस्थाले सकारेमा संस्थाको नाममा सो जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**२९. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने :** नियम २४ र नियम २६ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिला खारेज गरिदिनु पर्नेछ।

**३०. जायजेथा फिर्ता दिनुपर्ने :** नियम २४ को उपनियम (४) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको व्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

## परिच्छेद-९

## एकीकरण, विघटन, दर्ता खारेज र समस्याग्रस्त संस्था व्यवस्थापन

**३१. सहकारी संस्थाको एकीकरण:**

(१) ऐनको दफा ६५ बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका सर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्कासँग जोडिएको हुनुपर्ने,

(ख) सदस्यहरु बीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै बिषय प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि एकै स्थानमा रही दोहोरो सदस्यता रहेका र मूलतः एकै बिषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने ।

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एबम् लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा वडा तथा नगरपालिका क्षेत्रभित्र पर्ने गरी गरिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको पूर्वस्वीकृति विना मिति २०४९।२।२ अघि दर्ता भएका साझा सहकारी संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न वा त्यस्ता संस्थाहरूको घरजग्गा लगायतका स्थिर सम्पत्ति बेचबिखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

तर कुनै सहकारी संस्थाले साझा सहकारी संस्थाको विनियम तथा नाम स्वीकार गरी एकीकरण हुन सक्नेछ ।

(४) महिलाद्वारा सञ्चालित सहकारी संस्थाहरु र विशेष रूपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्था अन्य सहकारी संस्थासँग सामान्यतया एकीकरण गरिने छैन ।

तर क्षमता बिकास, नेतृत्व बिकास तथा साङ्गठनिक गतिशीलताको सुनिश्चितता हुने गरी एकीकरण हुन भने बाधा पर्ने छैन ।

(५) एकीकरणमा सहभागी संस्थालाई दर्ता अधिकारीबाट नियम ४३ बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

(६) एकीकरण पूर्वको दुवै संस्थामा दायित्व ब्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नुपर्नेछ ।

(८) एकीकरणका अन्य सर्त, आधार र प्रक्रिया नगरपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

**३२. सहकारी संस्थाको विभाजन:** (१) ऐनको दफा ६५ बमोजिम संस्थाको विभाजन गर्दा संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

**३३. पूर्व सहमति लिनुपर्ने:** नियम ३१ र ३२ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको निकाय, बैंङक वित्तिय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारका उल्लेखनीय सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा सम्बन्धित पक्षको पूर्व सहमति लिनुपर्नेछ ।

**३४. जमानत दिने व्यक्तिको दायित्व :**

(१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

(२) प्रचलित कानुनको अधीनमा रही उपनियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ ।

**३५. समस्याग्रस्त संस्था व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

(१) ऐनको दफा ७८ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीको सिफारिसमा नगर कार्यपालिकाले देहाय बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(क) दर्ता गर्ने अधिकारी –अध्यक्ष

(ख) जिल्ला सहकारी संघले तोकेको सदस्य –सदस्य

(ग) नगर कार्यपालिकाबाट मनोनीत सहकारी विज्ञ –सदस्य

(घ) नगर कार्यपालिकाबाट मनोनीत लेखापरीक्षक –सदस्य

(ङ) कार्यालयको सहकारी हेर्ने शाखा प्रमुख –सदस्य सचिब

(२) व्यवस्थापन समितिका अध्यक्ष र सदस्य -सचिव बाहेक खण्ड ख, ग र घ बमोजिम नियुक्त सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र नगर कार्यपालिकाले आवश्यकता अनुसार निजहरुको पदावधि दुई वर्ष थप गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा नगर कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ र त्यसरी रिक्त पदमा थप अवधिको लागि सदस्यको रिक्त पद पूर्ति गर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

३६. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** नियम ३५ बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समितिले ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने ,

(ख) समस्याग्रस्त संस्थाका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, सम्बद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोवार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको एकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्थाको काम कारवाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्थाले असूल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम ऐन, यो नियम वा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार ऐन, यो नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति बिक्री गर्ने , उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि ऐन, यो नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने ,

(ठ) समस्याग्रस्त संस्थाको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रुपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्तिमध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्रि वा असूल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने,

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संस्थाको सञ्चालक र कर्मचारी वा निजहरुका परिवारका सदस्य वा अन्य ब्यक्तिको नाममा राखेकोमा संस्थाको चल अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने ।

## परिच्छेद-१०

## लिक्विडेशन सम्बन्धी व्यवस्था

**३७. लिक्वीडेटर नियुक्ति:**

(१) ऐनको दफा ६७ को उपदफा (१) बमोजिम सहकारी संस्थाको सम्पत्ति लिक्वीडेसन (लेखाजोखा) गर्दा लिक्वीडेटर नियुक्ति गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार लिक्वीडेटर नियुक्ति गर्दा दर्ता गर्ने अधिकारीले आफू मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटरको रुपमा काम गर्न तोक्न सक्नेछ ।

**३८. लिक्वीडेटरको काम कर्तव्य र अधिकार:**

(१) ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा हालवाला वा साविकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २0 र २2 को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्थासँग कुनै साहुको कुनै रकम बाँकी रहेको र सो कुरा संस्थाको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनू भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबा गर्न आउनू भनी सूचना गर्ने ।

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था विघटन गर्ने सिलसिलामा, संस्थाको जाय जेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्थाको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरु समेतको परामर्शमा संस्थाको जायजेथा वितरण योजना तयार गरी वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई आफू समक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

**३९. लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार:** नियम ३८ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :

(क) निर्देशन विपरीत लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खातावही, कागजात, लिखत र जायजेथाहरू पेस गराउन,

(ग) लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ३८ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवम् भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

**४०. दायित्व भुक्तानी:**

(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकताक्रमअनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछ :–

(क) विघटनको कामका निमित्त भएका खर्चहरू फछर्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग)कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरू दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको अवधिको लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भैसकेपछि पनि सो संस्थाको कुनै साहूले पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनु पर्ने रकमको दाबी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

**४१. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग :**

(१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात नियम ४० बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्थालाई हस्तान्तरण गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले नगर कार्यपालिकाको सिफारिसमा नियम ४० को उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको

रकम यसै नगरपालिका कार्यक्षेत्र कायम गरी दर्ता भएका गैर नाफामुखी संघ/संस्थालाई हस्तान्तरण गर्न वा शिक्षा, स्वास्थ्य वा महिला बालबालिका, अपाङ्ग, आदिवासी, जनजाति तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने गरी स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद-११
## निरीक्षण तथा अनुगमन

**४२. निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:**

(१) धनकुटा नगरपालिका अन्तरगतका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्ने कर्तब्य दर्ता गर्ने अधिकारी वा तोकिएको अधिकृतस्तरको कर्मचारीको हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानुन बमोजिम सञ्चालन तथा ब्यबस्थापन भए/गरेको नपाइएमा प्रचलित कानुन बमोजिम त्यस्ता सहकारी संस्था, सञ्चालक, ब्यबस्थापक, जिम्मेबार सदस्य तथा कर्मचारीहरुलाई कारबाही गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कारबाही गर्दा सदस्य तथा कर्मचारीबाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा सोको जिम्मेवार सदस्य तथा कर्मचारीका साथै सञ्चालक समितिका पदाधिकारी समेत हुने र हिनामिना रकम निजहरुबाट प्रचलित कानुन बमोजिम असुल उपर तथा दण्ड जरिवाना गरिनेछ ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले एक करोड रुपैंया वा सोभन्दा बढी रकमको कारोबार भएको संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र र अन्य संस्थाले दुई वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भइसक्नुपर्नेछ ।

(५) उपनियम (१) बमोजिमका संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा मन्त्रालयले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ ।

(६) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(७) दर्ता गर्ने अधिकारी वा निजले खटाएको आफ्नो मातहतका कुनै कर्मचारीले पचास लाख रुपैंया सम्म कारोबार भएका संस्थाहरूको नियमित अनुगमन र पचास लाख रुपैंयाभन्दा बढी कारोबार भएका संस्थाहरूको सघन अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले अन्य संस्थाहरूको नियमित वा सघन अनुगमन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(८) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मन्त्रालय र नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(९) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धनकुटा नगरपालिकाको क्षेत्राधिकार भित्र प्रधान कार्यालय रही अन्य स्थानीय तहसम्म कार्यक्षेत्र भएका र अन्य स्थानीय तहमा प्रधान कार्यालय रही धनकुटा

नगरपालिकाको क्षेत्राधिकारभित्र सेवा केन्द्र (शाखा कार्यालय) खोली सञ्चालित सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्न बाधा पर्ने छैन ।

४३. **दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकार:** दर्ता गर्ने अधिकारीको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारणसम्बन्धी कार्य गर्ने,

(घ) नियमित रूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउन निर्देशन दिने,

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली, अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिबाना तथा अन्य कारबाही गर्ने,

(ट) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरू आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाहरुको वार्षिक निरीक्षण प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(ड) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सदस्यहरुको बचत निर्धारित सर्त बमोजिम फिर्ता गर्न सक्ने अवस्था नरहेको वा संस्था लगातार दुई वर्षसम्म घाटामा गएको लेखा परीक्षण प्रतिवेदनमा

देखिएमा वा संस्थामा गम्भिर आर्थिक कठिनाई परी दामासाहीमा पर्न सक्ने अवस्था रहेको भन्ने निरीक्षण प्रतिवेदनमा उल्लेख भएमा दर्ता अधिकारीले त्यस्तो संस्थालाई बचत सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(ढ) प्रचलित कानून बमोजिम सहकारी संस्थाले प्राप्त गर्न सक्ने छुट, सुविधा र सहुलियतका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ण) यस ऐन, नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा नगर कार्यपालिकाबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-१२

## विविध

**४४. संस्थाले नीति, कार्यविधि र नियमावली बनाउनुपर्ने :**

(१) सहकारी संस्थाले आर्थिक कार्यविधि, नियमावली, शेयर परिचालन नीति, बचत तथा ऋण परिचालन नीति र लगानी व्यवस्थापन नीति बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका संस्थाले उपनियम (१) मा उल्लिखित नीति नियमावलीका अतिरिक्त अन्य नीति कार्यविधि, नियमावली समेत बनाउन सक्नेछ ।

**४५. प्रतिनिधी पठाउन सकिने:-** संघको साधारण सभामा मताधिकार प्रयोग गर्ने गरिका प्रतिनिधि पठाउँदा संघको विनियममा व्यवस्था भएबमोजिम संस्थाका सदस्य संख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म पठाउन सकिनेछ

**४६. अन्तरसहकारी कारोबार:-**

(१) ऐनको दफा ९४ बमोजिम अन्तरसहकारी कारोबार गर्दा संलग्न संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनु पर्नेछ ।

(२) अन्तरसहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरुले आफ्ना सदस्यहरुबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्थामार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(३) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ ।

(४) बचत तथा ऋणसम्बन्धी अन्तरसहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरुले मन्त्रालयले सम्बन्धित विषयगत संघ वा सहकारी बैंकको भूमिकासमेत निर्दिष्ट गरी तोकेको मापदण्ड पालना गर्नु पर्नेछ ।

(५) अन्तरसहकारी कारोबार सम्बन्धी व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ ।

४७. **जानकारी गराएर मात्र सेवा सञ्चालन गर्नु पर्नेः** अन्य स्थानिय तहमा प्रधान कार्यालय रही नगरपालिकाको क्षेत्राधिकार भित्र सेवा केन्द्र (शाखा कार्यालय) खोल्नु अघि कार्यालयमा निवेदन दिई अभिलेख कायम गरेर मात्र सेवा सञ्चालन गर्नु पर्नेछ ।

४८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने :** नगर कार्यपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी, नियमावली र अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४९. **खारेजी र बचाउः** सहकारी नियमावली, २०४९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची–१

(नियम ५ को उपनियम (२) संग सम्बन्धित)

सम्भाव्यता अध्ययन प्रतिवेदन ढाँचा

१. परिचय

२. संस्था गठन गर्नुपर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यवसायिक सम्भाव्यता

   ५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

   ५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू

   ५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण

६. पुँजी आवश्यकता र स्रोत

   ६.१ आवश्यकताको अनुमान

   ६.२ स्रोत

   ६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू

६. बजार विश्लेषण

   ७.१ नजिकको बजार

   ७.२ टाढाको बजार

   ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्य क्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

अनुसूची–२

(नियम ५ को उपनियम (२) संग सम्बन्धित)

**आबेदकहरुको बिवरण ढाँचा**

| सि.न. | बाजेको नाम थर | बाबु/आमाको नाम थर | पति वा पत्नीको नाम थर | आबेदकको नाम | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको सेवाको बिवरण | | | सम्पर्क मोवाइल नं. | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |

अनुसूची– ३

(नियम ५ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

**व्यावसायिक कार्ययोजनाको रुपरेखा**

सङ्घ, संस्थाको नाम:-

ठेगाना :-

**क. उद्देश्य :-**

१. ..............................................................

२. ..............................................................

३. ..............................................................

**ख. कार्यहरु**

१. ..........................................................

२. ..............................................................

३. ..........................................................

४. ...........................................................

५. ...........................................................

६. ...........................................................

**ग. आगामी तीन वर्ष पछिको अवस्था प्रक्षेपण**

ग-१. सदस्यता बिस्तार लक्ष

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य संख्या | | | | |
| -महिला | | | | |
| -पुरुष | | | | |
| -जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |

ग-२. व्यावसायिक सेवा बिस्तार लक्ष

| बिबरण | पहिलोवर्ष | दोस्रोवर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्यको उत्पादन खरिद | | | | |
| -परिमाण(........) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| • सदस्यलाई बस्तु वा सेवा बिक्री | | | | |
| -परिमाण(....) | | | | |

| बिबरण | पहिलोवर्ष | दोस्रोवर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| • सदस्यलाई रोजगारीको अवसर श्रृजना<br>-प्रत्यक्ष पूर्णकालिन जना<br>-अप्रत्यक्ष पूर्णकालिन) वर्षमा २,०८० घण्टाको १ जनाको हिसावमा जम्मा जना | | | | |
| • सदस्यलाई ऋण सेवा)वार्षिक(<br>-रकम रु.<br>-जना | | | | |
| • सदस्यलाई बचत सेवा मौज्दात<br>-रकम रु.<br>-जना | | | | |

ग-३. सहकारी गतिबिधि बिस्तार लक्ष

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा वार्षिक जना | | | | |
| • गाँउ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना) वार्षिक पटक( | | | | |
| • सामुदायिक बिकासका योजनाहरु संचालन | | | | |
| घ .पुँजीको स्रोत र उपयोग बिवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
| • आबश्यकता | | | | |
| -स्थि र पुँ जी त र्फ )घर,जग्गा,कारखाना,उपकरण,फर्निचरआदि( | | | | |
| -चालु पुँजीतर्फ) मौज्दात मालसामान,उधारो बिक्री,नगद मौज्दात आदि( | | | | |
| -ऋण लगानीतर्फ | | | | |
| -जम्मा | | | | |
| • स्रोत | | | | |
| -शेयर पुँजी | | | | |
| -जगेडा कोष | | | | |
| -अन्य(..........) | | | | |
| -सदस्यको बचत) सदस्यलाई ऋण दिन मात्र( | | | | |
| -जम्मा | | | | |

**घ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड**

घ-१. सञ्चालक समितिको जिम्मेवारी

घ-२. गाँउ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

घ-३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

घ-४. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

घ-५. प्रत्येक सदस्यको जिम्मेवारी

**ङ. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु**

**च. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि**

अनुसूची– ४

शेयर र प्रवेश शुल्क बुझेको भर्पाईको नमूना

(नियम ५ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)

भर्पाई दादै प्रस्तावित ................सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ......... श्री ............. आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको ..............प्रारम्भिक भेलाको मिति............को निर्णयबमोजिम प्रति शेयर रु........।–का दरले .......जनाबाट जम्मा ........ कित्ताको हुन आउने जम्मा रकम रु...............।–(अक्षेरपि........मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु...........।–का दरले हुन आउने रु.........।–(अक्षेरपी.........मात्र) गरी जम्मा रु.........।– (अक्षेरपी.......... मात्र) सहकारि संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कवोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहिछाप गरी .............कार्यालयमा पेश गरेको छु । प्राप्त रकम हाल मेरो ........मा रहेको ..........हिसाव नं........ मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु ।उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्रेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

ईति सम्वत् ...... साल.......महिना ......गते रोज...........शुभम् ।

## अनुसूची– ५

### तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फाराम

(नियम ५ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

| सि. न. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने मिति | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |

अनुसूची–६

(नियम ५ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

स्व घोषणा-पत्रको नमूना

प्रस्तावित श्री ........................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपशिल बमोजिमका आवेदकहरुले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

**हामी आवेदकहरु कोही पनि –**

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ;
- बैंक, बित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/राष्ट्रिय सहकारी बैंकको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ;
- यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौ;
- सम्पत्ति सुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएका व्यक्ति हैनौ र
- सहकारी दर्शन,सिद्धान्त,मूल्य मान्यता र कानुन बमोजिम स्वावलम्वन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपयुक्त व्यहोरा ठीक साँचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने-

| सि. नं. | सदस्यको नाम ,थर | नागरिकता नं .र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुसूची –७

(नियम ५ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)

अधिकार प्रत्यायोजनको नमुना

मिति ........../........../...........

श्री दर्ता गर्ने अधिकारी ज्यू,
धनकुटा नगर कार्यपालिकाको कार्यालय,
धनकुटा ।

**बिषय:- अधिकार प्रत्यायोजन ।**

महोदय,

यस प्रस्तावित ............... सहकारी संस्था लिं को मिति ......../........./......... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आबश्यक काम कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ....................... श्री ................................ श्री..................................... र ................................. श्री ............................ समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

**अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको**

| नाम | ठेगाना | पद | दस्तखत नमूना |
|---|---|---|---|
| १. श्री...................... | | | |
| २. श्री...................... | | | |
| ३. श्री...................... | | | |

| सि.नं. | सदस्यहरुको नाम ,थर | ठेगाना | सहिछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**द्रस्टव्य:** अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सवैको विवरण समावेश गर्नुपर्नेछ ।

अनुसूची-८

नियम ८ (१) संग सम्बन्धित

(कार्यक्षेत्र पुनः'निर्धारणका लागि सहकारी संस्थाले पेश गर्नु पर्ने निवेदनको ढाँचा)

श्री दर्ता गर्ने अधिकारी ज्यू,
धनकुटा नगर कार्यपालिकाको कार्यालय,
धनकुटा ।

**विषयः  कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धी प्रतिबेदन ।**

सस्थाको नामः
ठेगानाः
साविक कार्यक्षेत्रः

| सि. नं. | स्थान (गा.पा./ न.पा. वडा) वडा वाइज | सदस्य संख्या | शेयर पूजी (रकम) | बचत निक्षेप (रकम) | लगानी (रकम) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

१. वडागत सदस्यता विश्लेषणः
२. थप वा घटाउन माग गरिएको कार्यक्षेत्रः
3. थप वा घटाउन पर्ने कार्यक्षेत्रको कारण र औचित्यः

छाप                                                                 निबेदक
स्थाः
दस्तखतः
पदः

अनुसूची –९

(नियम ११ सँग सम्बन्धित)

विनियममा उल्लेख गर्नुपर्ने अङ्ग तथा विषयहरू :

**प्रस्तावना :**

१. सक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्देश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८. सदस्यताको योग्यता

९. सदस्यताको लागि निवेदन र प्राप्ति

१०. सदस्यताको अन्त्य

११. सदस्यको निष्कासन

१२. सदस्यताबाट राजिनामा

१३. पुन सदस्यता

१४. सदस्यको काम, कर्तब्य र अधिकार

१५. सदस्यता खुल्ला रहने

१६. सदस्यता प्राप्ति, पुन प्राप्ति र राजिनामा स्वैच्छिक हुनुपर्ने

१७. शेयर पूँजी

१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने

१९. थप शेयर खरिद गर्न सक्ने

२०. शेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृत्रिम छेकबार नलगाइने

२३. शेयर प्रमाण-पत्र

२४. सदस्यको दायित्व सीमित हुने

२५. प्रारम्भिक साधारण सभा

२६. बार्षिक साधारण सभा

२७. बिशेष साधारण सभा

२८. साधारण सभाको बैठक

२९. साधारण सभाको काम, कर्तब्य र अधिकार

३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाँउ/टोल/उपक्षेत्रीय बैठक
३२. गाँउ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु
३३. गाँउ/टोल/उपक्षेत्रीय बैठकको कार्य ब्यबस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तब्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व श्रृंखला
३९. अध्यक्षको काम, कर्तब्य र अधिकार
४०. ब्यबस्थापकको नियुक्ति
४१. ब्यबस्थापकको काम, कर्तब्य र अधिकार
४२. बिशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरु
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पुँजी फिर्ता कोष
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने
५२. बचत सङ्कलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोबार नगरिने
६२. कारोबारको लेखा

६३. खाताबही
६४. आन्तरिक हिसाव जाँच
६५. वार्षिक हिसाव जाँच
६६. बिद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आबद्धता
६९. दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन
७०. बित्तिय जानकारी/एकाईमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनु पर्ने
७२. हकवालाको मनोनयन
७३. हक दाबी वा नामसारी
७४. निर्वाचन
७५. शपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी
७८. मध्यस्थता
७९. समानता र समता
८०. विनियम संशोधन
८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८२. ब्याख्या गर्ने अधिकार
८३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

**प्रमाणिकरण गर्नेको:**
दस्तखतः
नाम थरः **श्री खगेन्द्र गिरी**
दर्जा : प्रमुख प्रशासकीय अधीकृत
पृष्ठ संख्याः
मितीः
कार्यालयको छापः